# उषा ठाकुरको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो
वर्षको दसौं पत्रको प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र

शोधकर्ता
मैयाँ कुमारी बाँस्तोला
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर
२०७२

उषा ठाकुरको जीवनी, व्यक्तित्व र कृतित्व
मैयाँ कुमारी बाँस्तोला
२०७२

# उषा ठाकुरको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय

नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो

वर्षको दसौं पत्रको प्रयोजनका लागि

प्रस्तुत

शोधपत्र

शोधकर्ता

मैयाँ कुमारी बाँस्तोला

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर

२०७२

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तह द्वितीय वर्षकी छात्रा मैयाँ कुमारी बाँस्तोला दसौं पत्रको प्रयोजनका लागि मेरा निर्देशनमा **उषा ठाकुरको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधकार्य सम्पन्न गरेकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.....................................

सह.प्रा. सीतारामराज विष्ट

(शोध निर्देशक)

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मिति : २०७२/१२/११

**त्रिभुवन विश्वविद्यालय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति-पत्र

**शोधपत्र मूल्याङ्कन समिति**

१)  प्रा.डा. देवीप्रसाद गौतम  .......................

(विभागीय प्रमुख)

२)  सह. प्रा. सीतारामराज विष्ट  .......................

(शोध निर्देशक)

३)  प्रा.डा. राजेन्द्र पौडेल  .......................

(बाह्य परीक्षक)

मिति : २०७२/१२/२८

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र **उषा ठाकुरको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकमा स्नातकोत्तर तह नेपाली विषयको दसौ पत्रको प्रयोजनका लागि मैले श्रद्धेय गुरु सीतारामराज विष्टज्यूको निर्देशनमा तयार पारेकी हुँ । मैले शोधकार्य गर्ने सन्दर्भमा देखा परेका समस्याहरूको सरल रुपमा समाधान गर्नका लागि उहाँबाट प्राप्त सुझाव, सल्लाह र निर्देशन गर्नुभएकोमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

शोध विषय छनोट, सामग्री सङ्कलन, सूचना उपलब्ध गराउनका साथै यस शोधपत्र तयार पार्ने क्रममा सुझाव र सल्लाह दिइ सहयोग गर्नुहुने श्रद्धेय गुरु देवी प्र. गौतमज्यू, नरेन्द्र प्रसाईज्यू र इन्दिरा प्रसाई ज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

यस शोधपत्र तयार गर्ने सन्दर्भमा आवश्यक सूचना, सामग्री र अमूल्य समय समेत प्रदान गर्नुहुने शोधनायक श्री उषा ठाकुरप्रति कृतज्ञता प्रकट गर्दछु ।

यस शोधकार्यका लागि आवश्यक सुझाव, सल्लाह र समय दिइ सहयोग गर्नुहुने परिवारजन, साथीभाइ एवम् विभिन्न पुस्तकालयप्रति आभार प्रकट गर्दै यस शोधपत्रको टङ्कन कार्यमा सहयोग पुऱ्याउनु हुने न्यू प्रकृति फोटोकपी सेन्टरलाई पनि धन्यवाद दिन्छु ।

शैक्षिक सत्र :- २०६४-२०६५ ..........................

क्याम्पस क्रमाङ्क :- २१८ मैयाँ कुमारी बाँस्तोला

परीक्षा रोल नं. : २८०२८१

त्रि.वि. दर्ता नं : - ९-२-३३५-९-९७

मिति :- २०७२/१२/२२

# विषय सूची


## पहिलो परिच्छेद

**शोध परिचय** १-४

१.१ विषय परिचय १

१.२ समस्याकथन १

१.३ उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको सीमाङ्कन ३

१.६ शोधविधि ३

१.७ शोधको रुपरेखा ४

## दोस्रो परिच्छेद

**उषा ठाकुरको जीवनी** ५-१८

२.१ जन्म ५

२.२. बाल्यावस्था ५

२.३ किशोरावस्था ५

२.४ शिक्षादीक्षा ६

- २.४.१ अक्षराम्भ र प्रारम्भिक शिक्षा ६
- २.४.२ माध्यमिक शिक्षा ६
- २.४.३ उच्चशिक्षा ७
- २.४.४ स्वाध्ययन ७

२.५ विवाह तथा सन्तान ७

२.६. बसोबास, आजिविका र सेवा ८

२.७ साहित्य लेखनको प्रेरणा ९

२.८ साहित्यिक रचना एवं प्रकाशित कृतिहरू १०

२.९ सेमिनार १०

२.१० सदस्यता र सहभागिता १२

२.११ भ्रमण १३

२.१२ सम्मान र पुरस्कार १४

२.१३ स्वभाव तथा रुचि १६

२.१४ सामाजिक क्षेत्रमा संलग्नता १६

२.१५ निष्कर्ष १७

**तेस्रो परिच्छेद**

**उषा ठाकुरको व्यक्तित्व १९-२४**

३.१. परिचय १९

३.२ शारिरीक व्यक्तित्व १९

३.३ साहित्यिक व्यक्तित्व १९

 ३.३.१ समालोचक व्यक्तित्व २०

 ३.३.२ कवयित्री व्यक्तित्व २०

 ३.३.३ अनुवादक व्यक्तित्व २१

 ३.३.४. कथानक व्यक्तित्व २१

 ३.३.५ सम्पादक व्यक्तित्व २२

 ३.३.६ भूमिका लेखक व्यक्तित्व २२

३.४ सहित्येत्तर व्यक्तित्व २३

३.५ जीवनी, व्यक्तित्व र कृतिलेखनका बीच अन्तः सम्बन्ध २३

३.६ निष्कर्ष २३

**चौथो परिच्छेद**

**उषा ठाकुरको साहित्यिक यात्रा २५-२६**

## पाँचौ परिच्छेद


**समालोचनात्मक कृतिहरूको विश्लेषण** **२७-५७**

५.१ स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि २७

५.१.१ परिचय २७

५.१.२ विषयवस्तु २८

५.१.३ भाषाशैली ३६

५.१.४ निष्कर्ष ३६

५.२ नेपाली साहित्यको श्रीवृद्धिमा शाहवंशीय स्रष्टाहरूको योगदान ३८

५.२.१ परिचय ३८

५.२.२ विषयवस्तु ३८

५.२.३ भाषाशैली ४७

५.२.४ निष्कर्ष ४८

५.३ मरुभूमिको काँडा : बिम्ब प्रतिबिम्ब ४८

५.४ कवितामा भानु ४९

५.५ पन्त काव्यको सामाजिक भूमिका ५०

५.६ हिन्दी और नेपाली साहित्य के प्रतिनिधि हस्ताक्षर ५०

५.७ मरुभूमिका काँटा ५१

५.८ युगकवि सिद्धिचरण श्रेष्ठको काव्य साधना : ५१


## छैटौं परिच्छेद


**उपसंहार तथा निष्कर्ष** **५८-५९**

**सन्दर्भ सामग्री**

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

उषा ठाकुरको जन्म सन् १९५१ जुन ६ मा भारतको पटनामा भएको हो । उनले पीएच. डी. सम्मको अध्ययन गरेकी छिन् भने विभिन्न देशहरूमा प्राध्यापन गर्दै त्रिभुवन विश्वविद्यालयमा ३५ वर्षसम्म प्राध्यापन कार्य गरेकी छिन् । हाल उनी नेपाल प्रज्ञा प्रतिष्ठानको साहित्य अनुवाद विभागको प्रमुख प्राज्ञको रुपमा संलग्न छिन् । उनी नेपाली र हिन्दी दुवै साहित्यको विविध विधाहरूमा कलम चलाएतापनि नेपाली साहित्यको समालोचना क्षेत्रलाई प्राथमिकता दिई कविता, कथा, निबन्ध, नियात्रा, संस्मरण, भूमिका लेखन सम्पादनका साथै विभिन्न लेख रचना एवं फुटकर कविता कृतिहरू समेतलाई प्राथमिकता दिई नेपाली तथा हिन्दी साहित्यमा संलग्न रहेको पाइन्छ ।

## १.२ समस्याकथन

उषा ठाकुर साहित्यका विभिन्न विधाहरूमा संलग्न छिन् । उनका विशेष गरी समालोचनात्मक, कृति, शोधपरक लेख, समीक्षा सङ्ग्रह, अनुवाद, सम्पादन साथै विभिन्न विधाका लेख रचनाकृतिहरू र समालोचनात्मक सङ्ग्रह कृतिहरू रहेका छन् । नेपाली भाषा र साहित्यमा योगदान पुर्‍याउने उनका व्यक्तित्वका बारेमा छोटो जीवनी लेखन कार्य केही मात्रामा देखिन्छ तर ठोस रुपमा वा गहन अध्ययन गर्न भने बाँकी देखिन्छ ।

प्रस्तुत शोधकार्य उषाको जीवनी, व्यक्तित्वका विविध पक्षलाई उजागर गर्नका लागि निम्नानुसार समस्यासँग सम्बन्धित रहेको छ :

१) उषा ठाकुरको जीवनी र व्यक्तित्व के-कस्तो रहेको छ ?

२) उषा ठाकुरको साहित्यिक यात्रा कस्तो रहेको छ ?

३) उनका साहित्यिक कृतिहरू के कस्ता रहेका छन् ?

यसरी नेपाली भाषा साहित्यको विकासमा उल्लेखनीय योगदान पुर्‍याउने साहित्यकार उषाको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षलाई यस शोधकार्यको विषय बनाइएको छ ।

## १.३ उद्देश्य

समस्याकथनमा उठेका समस्याहरूको समाधानार्थ उषा ठाकुरको जीवनी, व्यक्तित्व र कृतित्वको ठोस, विस्तृत एवं व्यवस्थित रूपमा अध्ययन गर्नु यस शोध कार्यको उद्देश्य रहेको छ र उक्त उद्देश्यहरू निम्नानुसार छन् :

(१) उषा ठाकुरका जीवनीको विविध पक्षहरूको अध्ययन गर्नु ।

(२) उषा ठाकुरका व्यक्तित्वको अध्ययन गर्नु ।

(३) उषा ठाकुरका साहित्यिक यात्राको अध्ययन गर्नु ।

(४) उषा ठाकुरका कृतिहरूको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

उषा ठाकुरले नेपाली साहित्यका विविध विधा मध्ये विशेष गरी समालोचना विधामा कलम चलाएको पाइन्छ । उनको साहित्यकार व्यक्तित्व र साहित्यिक कृतिका सन्दर्भमा विद्वान एवं विश्लेषकहरूले विभिन्न पुस्तक र पत्रपत्रिकामा निम्न लिखित चर्चा र विश्लेषण गरेको पाइन्छ ।

कृष्णचन्द्र मिश्रले **पन्त काव्यको सामाजिक भूमिका** (सन् १९९५) पुस्तकमा उषा ठाकुर त्रिभुवन विश्वविद्यालयको हिन्दी विभागमा लामो समयदेखि अध्यापन अनुसन्धान कार्यमा संलग्न छिन् एंव मिलनसार मृदुभाषी अनेक व्यस्तताका वावजुद पनि तत्वन्वेषी समीक्षा दृष्टिका कारण विश्वविद्यालयको हिन्दी परिवारमा मात्र नभएर नेपाली साहित्य जगत्मा नै आफ्नो पहिचान कायम गर्ने प्रतिभा रहेको बताएका छन् ।

जगदीश शमशेर राणा **युगकवि सिद्धिचरण श्रेष्ठको काव्य साधना** (२०६८) पुस्तकको परिचयात्मक टिप्पणी प्रस्तुत गर्ने सन्दर्भमा उषा ठाकुरमा सहृदयता, विश्लेषणात्मक दृष्टिकोण र कविको काव्य साधनाका बारेमा तर्क चिन्तन दिने व्यक्तित्व

मानेर उनका  बारेमा  नाटककार  समका भनाईलाई समेत उदृत गरेका छन् । **'नडुबेर समुन्द्रमा मोती मिल्दैन'**

नरेन्द्रराज प्रसाईले **नारी चुली** (२०६३) **समालोचना सङ्ग्रह**मा नेपाली भाषा साहित्यमा उषा ठाकुरको आफ्नो एक पहिचान रहेको छ । उनी नेपाली भाषा साहित्यको एक  क्रियाशील व्यक्तित्व हुन् । व्यवहारमा शिष्ट मर्यादित, इमान्दार र बोलीमा मृदुता पाइन्छ ।  शिष्टता, शालीनता र बोलीवचन प्रशंसा गर्न योग्य रहेको छ ।

बाजुराम पौडेलले **स्रष्टा परिचय** (२०७२) **सुलेख साहित्यिक मासिक पत्रिका वर्ष ४ अङ्क ८, पुर्णाङ्क ३९** मा उषा ठाकुरबारे 'द्रष्टा एवं स्रष्टा दुई व्यक्तित्व स्पष्ट रुपमा देखा परेकी छिन् । द्रष्टा व्यक्तित्वमा समालोचकको रुपमा राम्ररी चिनिन्छन् र स्रष्टा व्यक्तित्वमा कवि, निबन्धकार संस्मरण, नियात्रा, जीवनीकार, भूमिका लेखन, कथाकारका रुपमा पनि चर्चा पाएकी छिन् ।

## १.५ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य उषा ठाकुरको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा सीमित रहनेछ । यहाँ उनका जीवनका व्यक्तित्वका विविध आयामलाई स्पष्ट पार्दै उनका काव्यकृतिहरूको अध्ययन गरिएको छ ।

प्रस्तुत शोधकार्यमा उषा ठाकुरको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु नै यस शोध कार्यको सीमा रहेको छ ।

## १.६ शोधविधि

प्रस्तुत शोधपत्र तयारीका क्रममा पुस्तकालय अध्ययन पद्धतिलाई नै सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । उषा ठाकुरको जीवनी, व्यक्तित्व र कृतित्व पक्षको अध्ययनका सन्दर्भमा पुस्तकालयका अतिरिक्त प्रत्यक्ष वार्ता, टेलिफोन वार्ता र प्रश्नावली आदिको उपयोग गरिएको छ । यस सन्दर्भमा शोधनायक र उनको सम्पर्कमा रहेका विद्वान चिन्तक साहित्यसेवी आदि व्यक्तिहरू भेटेर अन्तरवार्ता र प्रश्नावली विधि अपनाइ सामग्री सङकलन गरिएको छ । अग्रजबाट लिखित जीवनी, व्यक्तित्व र

कृतित्वसँग सम्बन्धित शोधपत्र तथा लिखित भूमिका र मन्तव्यलाई पनि शोधकार्यमा सहायक सामग्रीका रुपमा लिइएको छ साथै कृतित्वका लागि अध्ययन गरिएको छ ।

## १.७ शोधको रुपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित रुपमा प्रस्तुत गर्ने सन्दर्भमा निम्नानुसार पाँच परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोश्रो परिच्छेदः उषा ठाकुरको जीवनी

तेस्रो परिच्छेद : उषा ठाकुरको व्यक्तित्व

चौथो परिच्छेद : उषा ठाकुरको साहित्यिक यात्रा

पाँचौं परिच्छेद : समालोचनात्मक कृतिहरुको विश्लेषण

छैटौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# उषा ठाकुरको जीवनी

## २.१ जन्म

उषा ठाकुरको जन्म सन् १९५१ जुन ६ तारिखका  दिन पटनामा भएको हो । उनका पिताको नाम किशोरीलाल शर्मा हो र आमाको कैलाशदेवी शर्मा हो । आमा बुबाका चार जना सन्तानहरू मध्ये दोस्रो सन्तानका रुपमा उषा ठाकुरको जन्म भएको हो । उषाको जन्म  हुनुभन्दा पहिले उनको परिवार पुरानो दिल्लीको चाँदनीचोकमा बसोबास गर्थे भने केही समय पछि विहारको राजधानी पटना शहरमा स्थानान्तरण भएका हुन् ।[१]

## २.२. बाल्यावस्था

उषाको वाल्यकाल भौतिक सुख सुविधा एवं  आफ्नो बुबा आमाको माया पाँउदै सुख सयलमा बितेको थियो । उनका बुबा किशोरीलाल पटनामा व्यापारमा आवद्ध थिए भने आमा गृहिणीका रुपमा थिइन् ।[२] उज्जवल भविष्यका पूर्व सङ्केतहरू वाल्यकालमा नै देखिदै उनीमा चञ्चलताभन्दा गाम्भीर्यपन बढी देखिन्थ्यो । शिक्षित र खानदानी परिवारमा जन्मेर हुर्केकी उषालाई आफ्ना माता पिताबाट अनुशासन र नीतिका कुराहरू सिकाउने गरिन्थ्यो । वाल्यकालमा गम्भीरता, शिष्टचारता र अध्ययन निष्ठता उनको विशेषता रहेको थियो । विद्यालयमा अध्ययनका अलावा अतिरिक्त क्रियाकलापमा विशेष रुचि राख्ने गर्थिन् । प्रतियोगितामा प्रतिष्पर्धाको भावना जागृत हुँदै उच्च स्थान प्राप्त गर्न सफल उषाको अन्तर्मुखी स्वभावलाई वाल्यावस्थाको विशेषता मान्न सकिन्छ ।[३]

## २.३ किशोरावस्था

उषा ठाकुरको विवाह २०३१ सालमा भयो र विवाह पश्चात् उषाको जीवनमा केही उल्लेख्य परिवर्तन भई अझ हिड्ने बाटो फराकिलो भएको महसुस भयो । यसै

---

[१] शोधनायकसँग लिइएको अन्तरवार्ताबाट प्राप्त जानकारी अनुसार ।
[२] ऐजन ।
[३] ऐजन ।

प्रसङ्गमा उनी भन्छिन् : 'एक्लो जीवनमा उद्देश्य अधुरो हुन्छ, आफ्ना परिवारका सदस्य, गुरुवर्ग, इष्टमित्र आदिको सहयोग पाउँदै आफ्नो जीवन अगाडि बढ्दै गयो । तीक्ष्ण बुद्धि, गम्भिर स्वभाव, मेहनत आदिका कारण चेतना र कल्पनाशीलतामा अभिवृद्धि हुन्छ जसको फलस्वरुप विद्यालयीय विविध क्रियाकलापमा प्रतिष्पर्धी पात्रको रुपमा देखापर्दै भूमिका निर्वाह गरेको पाइन्छ ।[४] विद्यालय तहको माध्यमिक तहमा छात्र कार्यकारिणी समितिको सचिव र माध्यमिक तहमा कक्षाको प्रथम मेधावी छात्राका रूपमा प्रस्तुत भएकी थिइन् । सन् १९६६मा विहार हितैषी पुस्ताकालयद्वारा आयोजित राज्य स्तरीय वक्तृत्वकला प्रतियोगितामा (शीर्षक : रामचरित मानस में भ्रातृ चेतना) प्रथम कीर्तिमान कायम गर्न सफल भएर विहारका तत्कालीन राज्यपाल देवकान्त वरुआद्वारा **'वेष्ट स्टुडेन्ट अफ द स्कुल'** नामक पुरस्कारबाट सम्मानित गरिएको थियो साथै १९६७ मा **'विद्यार्थीको राजनीति मे भाग लेना चाहिए या नही'** विषयक राज्यस्तरीय वादविवाद प्रतियोगितामा प्रथम भई पुरस्कार स्वरुप उषा सिलाइ मेशिन प्राप्त गरेकी थिइन् । उनको यो निपुणताको प्रशंसा गर्दै शिक्षिकाद्वारा चिकित्सा क्षेत्रमा लाग्ने प्रेरणा दिएता पनि उनले आफ्नो परिवार वैष्णव भएको कारणले चिकित्सा क्षेत्रमा चिरफार हुने हुँदा साहित्य नै उत्तम र रुचिको क्षेत्र रहेको कुरा बताएकी छिन् ।[५]

## २.४ शिक्षादीक्षा

### २.४.१ अक्षराम्भ र प्रारम्भिक शिक्षा

उषा ठाकुरको शिक्षारम्भ उनकी दिदी माया शर्माकै संगतमा घरमा नै शुरु भयो तर अध्ययन गर्ने औपचारिक शुरूवात भने पटनास्थित **वालिका** विद्यालयबाट सन् १९५४ मा भयो । तीन वर्षसम्म यस विद्यालयमा अध्ययन गर्दा नै उनी विद्यालयको मेधावी छात्राका रुपमा रहेकी थिइन् ।[६]

### २.४.२ माध्यमिक शिक्षा

उषाको माध्यमिक तहको अध्ययन विहार स्थित नारायणी कन्या उच्च माध्यमिक विद्यालयबाट भई सोही विद्यालयबाट नै म्याट्रिक(सन् १९६७) पास गरेकी

---

[४] ऐजन ।
[५] ऐजन ।
[६] ऐजन ।

थिइन् । यसरी माध्यमिक शिक्षा ग्रहण गर्ने सन्दर्भमा विद्यालयबाट प्रदान गरिने मेधावी (जेहेन्दार) छात्रवृत्ति प्राप्त भएको थियो ।[७] माध्यमिक शिक्षा अध्ययनका क्रममा एक प्रतिभाशाली, लगनशील, जेहेन्दार, अनुशासित र मिलनसार विद्यार्थीका रुपमा रहेकी थिइन् ।

### २.४.३ उच्चशिक्षा

उषाले माध्यमिक तह अथवा सन् १९६७मा **म्याट्रिक** परीक्षा उत्तीर्ण गरिसकेपछि पटना विश्वविद्यालयबाट सन् १९६८ मा **प्रमाणपत्र** (प्री आट्र्स) उत्तीर्ण गरिन्, त्यसपछि सन् १९७२ मा पटना युनिभर्सिटीको हिन्दी साहित्यमा **स्नातक** (बी.ए. अनर्स) उत्तीर्ण गरिन् । सन् १९७५मा पटना युनिभर्सिटीबाट **एम.ए.** प्रथम श्रेणीमा उत्तीर्ण गरिसकेपछि **पन्त काव्यको सामाजिक भूमिका** नामक शीर्षकमा अनुसन्धान गरेर १९७९मा **विद्यावारिधि** (पीएच.डी.) को उपाधि प्राप्त गरेकी थिइन् साथै विद्यावारिधि गर्ने सन्दर्भमा उनलाई **यू.जी.सी**.नामक छात्रवृत्ति प्राप्त भएको थियो ।[८]

### २.४.४ स्वाध्ययन

उषा ठाकुरले औपचारिक शिक्षाका अतिरिक्त स्वाध्ययन गर्नमा पनि रुचि देखाएको पाइन्छ । विशेषगरी समालोचना, काव्यशास्त्र, इतिहासका अतिरिक्त हिन्दी र नेपाली साहित्यका साथै अन्य विविध ग्रन्थ एवं पुस्तकहरू अध्ययन गर्दै लेख, रचना, पत्रपत्रिका आदि अध्ययन गर्न समेत विशेष रुचि राखेको पाइन्छ ।

## २.५ विवाह तथा सन्तान

उषा ठाकुरको विवाह २०३१ मा विधिअनुरुप नेपालको वीरगंज निवासी स्व.भरतप्रसाद ठाकुरका सुपुत्र डा. रामभक्त ठाकुरकासाथ सम्पन्न भयो ।[९] उनका एक छोरा र एक छोरी छन् । जेठा छोरा अभिषेक ठाकुर इन्जिनियरिङ पछि एम.बी.ए. गरी आफ्नै व्यक्तिगत व्यवसाय सञ्चालन गर्दै एम.बी.ए.को प्राध्यापन कार्यमा संलग्न रहेका

[७] ऐजन ।
[८] व्यक्ति वृत्तको आधारमा
[९] शोध नायकसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार

छन् भने छोरी सृष्टि ठाकुर प्रसुति रोग विशेषज्ञ भई चिकित्सा क्षेत्रमा संलग्न रहेकी छिन् ।[१०]

## २.६. बसोबास, आजिविका र सेवा

उषा ठाकुरको पुख्यौली घर पर्सा जिल्लाको वीरगंज, रेशमकोठी वडा नं. ७ मा हो । केही समयपछि पतिसँग काठमाडौँ आइ कर्मथलोको रुपमा काठमाण्डौं बनाउन पुगिन् । केही साल काठमाण्डौंमा भाडाको घरमा बस्दै आएकी ठाकुरको हाल घट्टेकुलोको राधाकृष्ण चोकअन्तर्गत घर नं. ३ निजी निवास रहेको छ र उनी त्यही बसिरहेकी छिन् ।[११]

ठाकुरले अध्ययनका शिलशिलामा विद्यावारिधि प्राप्त गरिसकेपछि पटना विश्वविद्यालयबाट छात्रवृत्ति प्राप्त भयो र उक्त विश्वविद्यालयमा ट्यूटोरियल वा अन्य कक्षामा अध्यापन गर्ने अवसर समेत मिल्यो । स्थायी पेशाका रुपमा २०३६ देखि त्रिभुवन विश्वविद्यालय हिन्दी विभागमा नियुक्त भइन् । २०५१ सालमा प्राध्यापक भई २०७० देखि २०७१ सम्म सोही विभागको प्रमुख रही कार्य गरी निवृत्त भइन् र हाल नेपाल प्रज्ञा प्रतिष्ठान अनुवाद विभागको प्रमुख प्राज्ञको रुपमा कार्यरत् रहेकी छिन् । उषा यसका अतिरिक्त **हिमालिनी** साहित्यिक पत्रिका त्रैमासिकको प्रमुख सम्पादक (२०५४ देखि २०५७ सम्म) **रुपान्तरण** नेपाल प्रज्ञा प्रतिष्ठानका अनुवाद विभागको पत्रिकाको प्रमुख सम्पादक (२०७१ देखि) र **साहित्यलोक** साहित्यिक पत्रिका(हिन्दी विभाग त्रि.वि.वि.) को सम्पादन (सन् १९८७, १९९२, १९९३) आदिमा संलग्न रहेको देखिन्छ । विभिन्न देशहरूको भ्रमणका सन्दर्भमा सन् १९८९ देखि १९९२ सम्म डाँफिन युनिभर्सिटी, पेरिस, फ्रान्समा स्नातकोत्तर तहको प्राध्यापनमा रहेको र विद्यावारिधि शोधकार्यको निर्देशन तथा साहित्यिक समीक्षा लेखन जस्ता उल्लेख्य कार्य गरेको समेत पाइन्छ । २०६० चैत ४ गते युनेस्को, पेरिस (फ्रान्स) को **ट्यालेन्ट बैंक अफ वुमन विथ इन्टरनेशनल सोसल एक्सपर्टीज** पदका लागि मनोनित गरिएको थियो ।[१२]

---

[१०] ऐजन
[११] ऐजन
[१२] ऐजन

यसरी उषाले पारिवारिक जिम्मेवारीदेखि लिएर विभिन्न नैतिक, दायित्व र कर्तव्यवोध गर्दै आफ्नो कार्यकुशलता, बौद्धिकता र पेशाप्रतिको वफादारितालाई कायम राखेकी छिन् ।

समाजसेवामा चासो राख्ने उषा ठाकुरले विदेशी भ्रमण तथा स्वदेशमा रहँदा विभिन्न गरीब, दीनदु:खी, असहाय बालबालिकाहरूलाई नगद तथा जिन्सी सामान दिइ सहयोग गरेको पाइन्छ भने परिबारबाट पनि यस कार्यको समर्थन गर्दै हालसम्म पनि यस्ता कार्यहरूमा  संलग्न रहेको पाइन्छ ।[१३]

उषालाई विभिन्न समयमा विभिन्न प्रकारका अवसरहरू पनि प्राप्त भएका थिए । आफ्नो अध्ययन अध्यापनका समयमा आएका उक्त अवसरहरूलाई उनले अस्वीकार गरिन् भने तत्कालीन राजा ज्ञानेन्द्रको शासनकालमा राष्ट्रिय महिला आयोगको अध्यक्ष पदको लागि सचिवको फोनमा आग्रह गरिएको थियो तर उक्त पदका बारेमा खासै रुचि नरहेको कुरा बताएकी थिइन् । महिला मन्त्री दुर्गा श्रेष्ठद्वारा सहायक मन्त्रीका लागि २०६२ मा आएको आग्रहलाई पनि अध्यापनका शिलशिलामा यो कार्य असमर्थ रहेको कुरा व्यक्त गरेकी थिइन् ।[१४]

## २.७ साहित्य लेखनको प्रेरणा

उषा ठाकुरले आफ्नो लक्ष्य, उद्देश्य र योजनामा समर्पित हुँदै किशोरावस्थादेखि नै कलम चलाएको पाइन्छ । छायावादी काव्य रचनाबाट प्रभावित हुँदै दीदी कुशल कवयित्री भएका कारण उनका कविता सुन्दै साहित्यप्रति प्रेरित हुन पुगेको पाइन्छ । दीदीद्वारा हिन्दी कवि सूर्यकान्त त्रिपाठी 'निराला' का **जूही की कली** शीर्षक कविता वाचन गर्दा भावविवहल भएर साहित्यप्रति प्रभावित भएर सिर्जना गर्ने इच्छा जागृत भएको थियो । त्यसैगरी प्ररेणाको स्रोतका रुपमा आफ्नो विद्यालयकी प्राचार्य डा. अन्नपूर्ण देवेलले डायरी लेख्न सुझाव दिएपछि लेखन कार्यका लागि प्रेरणा मिलेको हो । रेडियो वक्तृत्व कार्यक्रम र सन् १९७५ मा **आकाशवाणी** पटनामा **आँसु बन गए फूल** नामक कथाको रचना गरी वाचन गर्नुपनि प्ररेणाको स्रोत मानिन्छ ।[१५]

---

[१३] ऐजन
[१४] ऐजन
१५ ऐजन

२०३१ सालमा उषा ठाकुरको विवाह नेपालको वीरगंज निवासी डा. रामभक्त ठाकुरसँग भएपछि जब नेपाल आउने अवसर मिल्यो त्यसपछि नेपाली साहित्यकारहरूले गरेको सिर्जनाबाट प्रभावित भई साहित्य सिर्जना गर्ने प्रेरणा मिल्यो । लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, केदारमान व्यथित, धुस्वाँ सायमी, लोकेन्द्र बहादुर चन्द आदि साहित्यकारका कृतिहरूबाट प्रभावित भएर केही लेख रचनाहरू २०३६ सालमा नेपालको जेठो अखबार **गोरखापत्र**मा प्रकाशित भएका थिए ।[१६]

## २.८ साहित्यिक रचना एवं प्रकाशित कृतिहरू

उषा ठाकुरको साहित्यिक रचना विविध विधामा देखिन्छन् । सर्वप्रथम सन् १९६० देखि नै साहित्यिक सिर्जनामा कलम चलाएता पनि सन् १९७० मा प्रकाशन कृति **नदी और नारी** शीर्षक कविताबाट नै साहित्य सिर्जनामा उत्साहित हुँदै सन् १९७५मा **युगकवि पन्त** बारे लेखिएको समालोचना तर्फको प्रथम प्रकाशित कृतिले यस विधामा प्रखर समालोचक बनाउन प्रोत्साहित गर्‍यो ।[१७]

२०३६ देखि त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन कार्य शुरु गरी कार्य गर्ने अवसरसँगै २०४३ मा (**कवयित्री चाँदनी शाह**) प्रथम नेपाली समालोचना **गोरखापत्र र राष्ट्रिय जनजागरण**मा प्रकाशित भयो र २०४५ सालमा पहिलो नेपाली कविता **ज्योतिपुञ्ज** को प्रकाशन **गोरखापत्र**मा भयो । २०५४ देखि २०५७ **हिमालिनी** साहित्यिक त्रैमासिकको प्रमुख सम्पादक, **साहित्यलोक**, **साहित्यिक पत्रिका** (हिन्दी विभाग त्रि.वि.वि.) को सम्पादन र २०७१ देखि नेपाल, प्रज्ञा प्रतिष्ठानबाट प्रकाशन हुने **'रुपान्तरण'** को प्रधान सम्पादकको रुपमा कार्य गरिरहेको पाइन्छ । सन् १९८९ देखि सन् १९९२ सम्म डाँफिन युनिभर्सिटी, पेरिस, फ्रान्समा स्नातकोत्तर तहको प्राध्यापनमा रही विद्यावारिधि **शोधकार्यको निर्देशन** तथा **साहित्यिक समीक्षा** लेखन कार्य समेत भएको थियो ।[१८]

नेपाल-भारत वरिष्ठ साहित्यकारहरू एवं महत्वपूर्ण साहित्यिक कृतिहरू तथा हिन्दी र नेपाली साहित्यका प्रमुख प्रवृत्तिहरूको बारेमा शोधपरक रचनाहरू (लगभग

---

[१६] ऐजन
[१७] ऐजन
[१८] ऐजन

४५०), नेपाल र भारतका प्रमुख साहित्यिक पत्रपत्रिकाहरू **गोरखापत्र, कान्तिपुर, राजधानी, मधुपर्क, गरिमा, उन्नयन, रत्नश्री, भृकुटी, समीक्षा, समाचारपत्र, साहित्यिक विशेषाङ्कहरू,** नई प्रकाशनद्वारा सम्पादित पुस्तकहरूमा लेख, **वनिता, नेपाली साहित्य वाटिका, स्मारिकाहरू तथा हिन्दीका गगनाञ्चल हिन्दुस्तान, नवनीत धर्मयुग, आर्यावर्त, साहित्यलोक, हिमालिनी, विविध भारत, हिन्दी अनुशीलन, भारतीय हिन्दी परिषद, विहार अकादमी पत्रिका, मुक्त कंठ, राष्ट्रिय सहारा, सृजन टाइम्स, प्रगतिशील समाज परिषद भारती, विशेषाङ्कहरूमा प्रकाशित, नेपाल टी.भी.** तथा **अन्य टी.भी.**बाट समय समयमा कविता, कहानी, समिक्षा, वार्ताहरू प्रसारित नेपाली-हिन्दी साहित्यिक समीक्षाग्रन्थहरू, कविता सङ्ग्रहहरू, कथा-उपन्यासहरूमा भूमिका लेखन जस्ता साहित्यिक रचनाहरूमा संलग्न रहेको देखिन्छ ।[१९]

यसरी उषाका पत्रपत्रिका अखवार एवं पुस्ताकाकार कृति अधिक मात्रामा रहेको पाइन्छ । सम्पूर्ण कृति एवं सिर्जना उपलब्ध हुन नसकेपनि उपलब्ध कृतिहरूलाई निम्नानुसार लिन सकिन्छ ।

**प्रकाशित कृतिहरू**

१. **मरुभूमिका काँडा : बिम्व प्रतिबिम्व** सम्पादन (२०५९)
२. **स्रष्टाको सिर्जना र द्रस्टाको समालोचनात्मक दृष्टि** समिक्षा सङ्ग्रह (२०५९)
३. **नेपाली साहित्यको श्रीवृद्धिमा शाहवंशीय स्रष्टाहरूको योगदान** समालोचनात्मक सङ्ग्रह २०५९
४. **कवितामा भानू** संस्कृति मन्त्रालयको सौजन्यबाट प्रकाशित (२०७२)
५. **हिन्दी और नेपाली साहित्य के प्रतिनिधि हस्ताक्षर** शीर्षक पुस्तक(समिक्षा सङ्ग्रहःसन् १९९८)
६. **पन्त काव्यको सामाजिक भूमिका** शीर्षक शोधपरक पुस्तक (सन् १९९५)
७. **मरुभूमिका काँटा कविता सङ्ग्रह** : हिन्दी अनुवाद (२०६०)
८. **युगकवि सिद्धिचरण श्रेष्ठको काव्य साधना**'समालोचनात्मक सङ्ग्रह (२०६८)[२०]

१९ व्यक्तिवृत्तका आधारमा
२० ऐजन

## २.९ सेमिनार

उषा ठाकुरले नेपालका साहित्यिक सेमिनारका अतिरिक्त अन्तर्राष्ट्रिय सेमिनारमा सहभागी हुँदै र नेपालमा समय समयमा सञ्चालन हुने साहित्यिक सेमिनारहरूमा व्यवस्थापन तथा सञ्चालकको भूमिका निर्वाह गरेकी छिन् । उक्त सेमिनारहरूको चर्चा मोटामोटी बुँदागत रूपमा यसरी दिन सकिन्छ ।

१. प्रेमचन्दको साहित्यिक व्यक्तित्व- बेजिंग विश्वविद्यालय, चीन, बेजिंग (२३ मार्च १९८३)

२. हिन्दी काव्य मा छायावाद- डाँफिन विश्वविद्यालय, पेरिस, फ्रान्स (२८, अप्रेल १९८९)

३. केदारमान व्यथित अभिनन्दनको लागि अन्तरदेशीय सम्मेलन, काठमाडौँ- कवि व्यथितको हिन्दी काव्य साधना विषयक पत्र प्रस्तुत (२९, नबेम्बर १९९३)

४. राहुल सांकृत्यायन शताब्दी समारोह - काशी प्रसाद जैसवाल शोध संस्थान, पटना (१२- १३ मार्च १९९४)

५. फणीश्वर नाथ रेणुको काव्यसाधना- विराटनगर (१६- १७ सेप्टेम्बर १९९५)

६. हिन्दी नेपाली सम्मेलन (स्वयंद्वारा व्यवस्थापन- सञ्चालन एवं पत्र प्रस्तुत) - प्रज्ञा प्रतिष्ठान, काठमाण्डौं (१८- १९ डिसेम्बर १९९९)

७. सार्क सहित्यकार सम्मेलन - नयाँ दिल्ली, भारत (२८-३० अप्रिल २०००)

८. सुषमा कोइराला ट्रस्टद्वारा आयोजित अन्तर्राष्ट्रिय सेमिनार (वुमन राइटर्स इन एशिया विषयक पत्र प्रस्तुति) - काठमाडौँ ७ अगष्ट २००१[२१]

## २.१० सदस्यता र सहभागिता

१. पूर्व महासचिव - डा. कृष्णचन्द्र मित्र अकादमी, काठमाडौँ

२. कार्यकारिणी सदस्य- डा. डिल्लीरमण रेग्मी प्रतिष्ठान, काठमाडौँ

---

[२१] व्यक्तिवृत्तका आधारमा

३. आजीवन सदस्य - नेपाल साहित्य प्रतिष्ठान, काठमाडौँ

४. आजीवन सदस्य - रमेश विकल प्रतिष्ठान, काठमाडौँ

५. अनजीवन सदस्य - **जनमत** साहित्यिक पत्रिका

६. आजीवन सदस्य - **वनिता** साहित्यिक पत्रिका

७. सदस्य - नइ प्रकाशन

८. मानार्थ सदस्य- त्रिमूर्ति निकेतन

९. सदस्य - महाकवि देवकोटा शताब्दी महोत्सव (त्रिमूर्ति निकेतनद्वारा आयोजित, कार्तिक २०६५ बाट चैत २०६६ सम्म)

१०. परामर्श दाता- 'नारी स्वरमा देवकोटा कविता' (सीडी) (२०६६)

११. सदस्य, सहभागिता- प्रथम महिला अन्तराष्ट्रिय शिखर सम्मेलन, शर्मशेख, इजिप्ट, (सन् २००९)

१२. सदस्य - त्रिमूर्ति निकेतनद्वारा आयोजित 'नेपाली भाषा साहित्य अन्तरार्ष्ट्रिय सम्मेलन' (२०६७)

१३. पदाधिकारी सदस्य - सिद्धिचरण प्रतिष्ठान

१४. अध्यक्ष - सत्यमोहन जोशी शताब्दी महोत्सव, काठमाडौँ (२०७१)

१५. उपाध्यक्ष - विश्व नारी नेपाली साहित्य सम्मेलन, (२०७१)

१६. पदाधिकारी तथा संयोजक - संस्कृति मन्त्रालयद्वारा आयोजित भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह[२२]

## २.११ भ्रमण

उषा ठाकुरले नेपालका महत्वपूर्ण ठाँउहरूका अतिरिक्त भारतका विभिन्न ठाँउहरूको भ्रमण गरेकी छिन् साथै चीन, पकिस्तान, बङ्गलादेश, थाइल्याण्ड, हङ्कङ्, बेलायत, फ्रान्स, जर्मनी, स्वीजरल्याण्ड, टयुनिसियन, इजिप्ट, तान्जानिया, केनिया,

[२२] ऐजन

साउथ अफ्रिका र इथोपिया जस्ता देशहरूको भ्रमणका शिलशिलामा सबैभन्दा मन परेको ठाउँ फ्रान्स हो । तत्कालिन श्री ५ ज्ञानेन्द्र तथा श्री ५ कोमलबाट केही अफ्रिकी मुलुकहरूको भ्रमणका क्रममा २०६२ सालमा उक्त दलको सदस्यका रुपमा सहभागी हुन पुग्दा अत्यन्त सुखद र खुसीको क्षण अनुभव गरेकी थिइन् । उषालाई आफ्ना पति डा. रामभक्त ठाकुर फ्रान्सको पेरिसस्थित शाही नेपाली राजदुतावासमा कार्यवाहक राजदूत रहँदा फ्रान्समा ४ वर्ष बस्ने मौका मिलेको थियो । त्यसै समयमा सन् १९८७ देखि पेरिसको डाँफिन विश्वविद्यालयमा प्राध्यापन गर्ने अवसर पनि प्राप्त भएको थियो ।[२३]

## २.१२ सम्मान र पुरस्कार

उषा ठाकुरको जीवनकालमा विभिन्न प्रकारका संघसंस्थाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट विभुषण, अभिनन्दन, पुरस्कार एवं सम्मान प्रदान गरेको पाइन्छ । उक्त विभुषण, अभिनन्दन, पुरस्कार एवं सम्मान निम्नानुसार रहेका छन् :

**१. विभुषण**

**महेन्द्र विद्याभुषण** प्रथम- २०३८

**रत्नश्री** स्वर्णपदक - २०४५

**वीरेन्द्र ऐश्वर्य पदक** -२०५८

**नवदेवी सम्मान** अन्तर्गत नेपाली साहित्यमा महत्वपूर्ण योगदानका लागि भगवती पुरस्कार - २०६२ फागुन

७ औ अर्न्तराष्ट्रिय हिन्दी उत्सवको अवसरमा **अक्षरम् हिन्दी साहित्य शिक्षण सम्मान** - सन् २००८, २८ दिसम्बर

त्रिभुवन विश्वविद्यालयबाट दीर्घसेवा पदक प्राप्त - २०६२

नेपाली शिक्षा तथा साहित्यमा उल्लेखनीय योगदानको लागि **नई खरा प्रदीप्ति पुरस्कार** रु ५० हजार सहितको - २०६७,

---

[२३] शोधनायकसँग लिइएको अन्तवार्ताबाट प्राप्त जानकारी अनुसार

विश्व नारी नेपाली साहित्य पदक - २०७१

संस्कृति मन्त्रालयबाट भानुभक्त स्वर्ण पदक प्राप्त - २०७१

संस्कृति मन्त्रालयबाट भानुभक्त प्रज्ञा पुरस्कार - २०७१

मातृभाषा वनिताश्री विशेष सम्मान पुरस्कार - २०७१

भद्रकुमारी घले सदनबाट उपप्रधान मन्त्रीज्यूद्धारा रु १ लाख सहित साहित्यिक व्यक्तित्व पुरस्कार- २०७१

अख्तियार दुरुपयोग आयोगबाट प्रधानमन्त्री ज्यूद्धारा सम्मान कदर पत्र प्राप्त- २०७१ [२४]

**२. अभिनन्दन**

नेपाल महिला संघद्वारा सम्मान तथा पुरस्कार - २०४१

हाम्रो नेपाल साहित्यमा विशिष्ट योगदानको लागि सम्मान तथा पुरस्कार - २०५६

जनकपुर बौद्धिक समाजद्धारा हिन्दी साहित्यमा विशिष्ट योगदानको लागि सम्मान तथा पुरस्कार - २०५६

**भद्रकुमारी घले सेवा सदन**द्वारा नेपाली साहित्यमा विशिष्ट योगदानको लागि अभिनन्दन तथा पुरस्कार - २०६२[२५]

भद्रकुमारी घले सदनद्वारा प्राप्त एक लाख सहितको साहित्यिक व्यक्तित्व पुरस्कारको रकमबाट अक्षयकोष स्थापना गरिएको छ, जसबाट क्षेत्र (तराई, हिमाल, पहाड) अनुसार हरेक विधाका साहित्यकारहरूलाई प्रतिवर्ष दश हजार राशिको पुरस्कार प्रदान गर्ने निर्णय गरिएको छ । जुन पुरस्कारको नाम भद्रकुमारी घले-उषा ठाकुर पुरस्कार रहेको छ ।[२६]

[२४] ऐजन

[२५] ऐजन

[२६] शोधनायकसँग लिइएको अन्तवार्ताबाट प्राप्त जानकारी अनुसार

## २.१३ स्वभाव तथा रुचि

उषा ठाकुरको स्वभाव, शान्त र शालीन रहेको छ । बोलीमा मृदुता पाइन्छ भने व्यवहार शिष्ट, मर्यादित र इमान्दार रहेको छ तसर्थ : वाल्यकालदेखि नै उषालाई सबैले तारिफ गर्ने गरेका थिए । अन्तर्मुखी स्वभावकासाथ वाल्यकालदेखि नै आफूले रचना गरेको रचना साथीभाइलाई सर्वप्रथम देखाउँदा अप्ठ्यारो लाग्ने हुँदा आफ्ना आमाबुबालाई देखाउने गर्थिन् तर विवाह पश्चात् आफ्ना रचना पढ्ने वा सुन्ने प्रथम पाठक पति रहेका छन् । यस प्रकार आफ्नो आमा बुवा र पतिबाट धेरै प्रेरणा र प्रोत्साहन प्राप्त गरेकी छिन् ।[२७]

उषा ठाकुरको रुचिमा आफ्नै प्रकारको सरलता पाइन्छ । साहित्यिक क्रियाकलापलाई नै रुचिको प्रमुखता दिइ आफू समर्पित भई साहित्य, इतिहास, दर्शन, पत्रपत्रिका आदि अध्ययन गर्नु आफ्नो प्रमुख रुचि रहेको कुरा बताउँछिन् । संस्कृति, रीतिरिवाजप्रति आस्था राख्दै नयाँ नयाँ परिकारहरू बनाउन र मान्यजन तथा अतिथिहरूलाई स्वागत सत्कार गर्न साथै उक्त परिकारहरूको प्रयोग गर्न पाँउदा अत्यन्त हर्षित र खुसी भएको महसुस गर्छिन । शाकाहारी भोजनबाट आफूलाई सन्तुष्टि मिलेको कुरा बताउने उषाको पोशाकमा पूर्वीय संस्कृतिको झलक पाइन्छ । यदाकदा अन्य पोशाक र विशेषगरी साडी लगाउन रुचाउने उषालाई समाजसेवामा पनि रुचि रहेको छ । कहिलेकाँही संघसस्थाबाट र कहिलेकाही आफ्नै प्रकारले समाजसेवा गर्दा धेरै सन्तुष्टि प्राप्त हुने गर्दछ । समयसमयमा स्वदेश तथा विदेशी भूमिमा पनि विभिन्न गरीब, दीनदुःखी, असहाय बालबालिकाहरूलाई विभिन्न सामान तथा नगद समेत वितरण गरी आनन्दित हुने गरेको पाइन्छ । [२८]

## २.१४ सामाजिक क्षेत्रमा संलग्नता

उषा ठाकुरलाई वाल्यकालमा सामाजिक दायित्वको वोधभई साथी भाइहरूलाई विद्यालयको कार्यक्रममा सहयोग पुर्याउदै जाँदा सामाजिक कार्यप्रति गहिरो रुचि जागृत भयो । तसर्थ : विद्यालयमा कार्यकारिणी समितिको सदस्यका रुपमा कार्य गर्ने मौका

[27] ऐजन

[२८] ऐजन

समेत मिलेको थियो । आफूले विपन्नताको सामना गर्नु नपरेता पनि गरीब र गरिबीप्रति संवेदनशील उषाको भौतिक सुखसयलमा हुर्की बढी विवाह पश्चात् काठमाण्डौंमा बस्दा आफ्नो घर नभई भाडामा बस्नुपरेको, पानी बत्तीको अभाव, भीडभाडमा सार्वजनिक गाडीबाट त्रिभुवन विश्वविद्यालय आँउदाजाँदा अत्यन्त कठिनाइ भोग्नुपरेको थियो तर पनि आफ्नो कामबाट पछि नहटी आफ्नो कर्तव्य पूरा गर्न सफल उषाले आफ्ना अनुभवबाट विभिन्न कार्यहरू गर्दै गरीब विद्यार्थीका लागि आर्थिक सहयोग, विपन्न वर्गको लागि स्वास्थ्योपचार आदिका लागि यथेष्ट सहयोग गरेको पाइन्छ र विभिन्न संघसंस्था मार्फत् वा व्यक्तिगत रुपमा सामाजिक कार्यमा संलग्न रहेको पाइन्छ ।[२९]

उषाले राजनीतिप्रति खासै चासो लिएको पाइदैन । धर्म, अर्थ, काम र मोक्ष जस्ता चार पुरुषार्थको प्राप्ति हुनुपर्छ भन्दै नीतिका परिभाषा दिएको पाइन्छ । हिन्दु धर्म संस्कृतिप्रति आस्था प्रकट गर्दै अहिलेको राजनीतिमा यस्तो छनक नपाएको हुँदा राजनीतिप्रति चासो कम राखेको पाइन्छ । सन् १९६७मा **'छात्रोको राजनीति में भाग लेना चाहिए या नही'** विषयक विहार राज्य स्तरीय वादविवाद प्रतियोगितामा प्रथम स्थान हासिल गरेकी थिइन् । पति राजदूत भएर इजिप्टमा रहँदा विभिन्न देशका राजदूत पत्नीहरूको संस्था जसको अध्यक्ष भई सामाजिक हितमा कार्य गरेको पाइन्छ । जस्तै : - नेपाली खाना, भेषभूषा, कला कौशल, प्रदर्शनी । त्यस्ता कार्यक्रमबाट प्राप्त आम्दानी त्यहाँको तत्कालीन राष्ट्रपतिकी श्रीमतीको नेतृत्वमा वृद्धवृद्धालाई र गरीब बच्चाहरूलाई हस्तान्तरण गर्ने गरिएको थियो । [३०]

## २.१५ निष्कर्ष

उषा ठाकुरको जन्म भारतको पटनामा भएर वाल्यकाल, किशोरावस्था पार गर्दै विद्यावारिधीसम्मको अध्ययन कार्य त्यही भएको थियो । उनको विवाह विरगंज निवासी डा. रामभक्त ठाकुरसँग २०३१ सालमा भएपछि उनले नेपाल र नेपाली साहित्यमा विशेष योगदान पुर्याएको पाइन्छ । साहित्य नै जीवनको एक पाटो भएको ठान्दै नेपाली साहित्य सृजना गर्न थालेकी उषाले आफ्नो लक्ष्य उद्देश्य नै यही बनाइ

[२९] ऐजन

[३०] ऐजन

सधैं समर्पित भइरहिन् । विभिन्न देशहरूको भ्रमणका सिलसिलामा प्राध्यापन कार्य गर्दै र विभिन्न साहित्यिक सभा समारोह तथा सेमिनारहरूमा भाग लिदै तथा व्यवस्थापन एवं सञ्चालन गरेको देखिन्छ । त्रिभुवन विश्वविद्यालय हिन्दी केन्द्रिय विभागमा अध्यापनका साथै विभागीय प्रमुख भइ कार्य गरेको समेत पाइन्छ । हाल उषा नेपाल प्रज्ञा प्रतिष्ठान साहित्य अनुवाद विभागको प्रमुखको रूपमा कार्यरत रहेकी छिन् ।

यसरी नेपाली समाज र राष्ट्रमा आफ्नो जीवन समर्पित गर्दै कर्मथलो नेपाललाई स्वीकार गरी साहित्यका विविध विधा विशेषगरी समालोचना क्षेत्रमा कलम चलाउने उषाले ईश्वरप्रति आस्था प्रकट गर्छिन् भने सुख र दुःखलाई अनिवार्य रुपमा स्वीकार गर्छिन् । मानिसमा परोपकार सेवा, करुणा, दया, शान्ति, आदि मानवीय गुण हुनुपर्छ भन्ने भावना राख्दै उषाले सकारात्मक सोच राख्न र आशावादी बन्नका लागि प्ररेणा दिने गर्छिन् ।

# तेस्रो परिच्छेद

# उषा ठाकुरको व्यक्तित्व

## ३.१. परिचय

हरेक व्यक्तिको व्यक्तित्व उसका जीवनमा आइपर्ने विभिन्न आरोह-अवरोह, पीर वेदना, हर्ष, खुसी तथा क्रिया-प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । व्यक्तित्व निर्माणमा परिवारिक, सामाजिक, आर्थिक, साँस्कृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी निर्माण भएको व्यक्तित्व व्यक्तिका समस्त जन्मजात एवं आर्जित प्रवृत्तिहरूको समूह हो । परिस्थिति अनुरूप चल्नसक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्नसक्ने व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो ।

नेपाली साहित्यका विभिन्न विधामा (विशेष गरी समालोचना) क्षेत्रमा सक्रिय योगदान पुऱ्याउने ठाकुरको व्यक्तित्व निर्माण गर्नमा विशेषत : पारिवारिक, सामाजिक, आर्थिक तथा शैक्षिक पक्षले महत्वपूर्ण भूमिका खेलेका छन् । उनका अनुसार व्यक्तित्वका विविध पक्षहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ ।

## ३.२ शारिरीक व्यक्तित्व

उषाको लगभग ५ फीट उचाइ रहेको छ । गहुँगोरो वर्ण, गोलो अनुहार, काला आँखा, सुन्दर नाक, हसिँलो मुख र ज्यान परेको शरीर आदि वनावटले बनेको छ । वाह्य व्यक्तित्वले वाह्य परिचय दिन्छ भने आन्तरिक व्यक्तित्वले बानी व्यवहार र वास्तविकता देखाउँछ । कुनै पनि कुरालाई गम्भीरताका साथ सोचविचार गरी प्रतिक्रिया दिने बानी रहेको छ । नम्र र मिलनसार स्वभावका कारण सहयोगी भावना लिएर आत्मविश्वासका साथ आफ्नो व्यवहारलाई अघि बढाउन सफल व्यक्तित्वका रुपमा ठाकुरलाई लिन सकिन्छ ।

## ३.३ साहित्यिक व्यक्तित्व

उषा ठाकुरले नेपाली साहित्यका विविध विधाहरूमा कलम चलाएको पाइन्छ । त्यसैले उनीलाई बहुआयामिक व्यक्तित्वकी धनी मानिन्छ । साहित्य सिर्जनाको औपचारिक शुरुवात **नदी और नारी** नामक कविता (वि.स. १९७० लेखन) बाट भएको

थियो । उक्त कविता पटनाबाट प्रकाशित **आर्यावर्त**मा प्रकाशित भएको थियो । त्यसपछि क्रमशः कथा, शोधपरक समीक्षात्मक लेख, समालोचना, कविता, अनुवाद आदि लेख रचना प्रकाशित भएका थिए ।

यसरी उषा ठाकुरले साहित्य सिर्जनामा लगभग चार दशक जति नेपाली र हिन्दी दुवै भाषाका विविध विधामा कलम चलाएको देखिन्छ । यी साहित्यका विविध विधामध्ये उनको प्रमुख विधा चाहिँ समालोचना देखिएको छ र नेपाली तथा हिन्दी साहित्यमा विशिष्ट योगदान गर्दै आफ्नो पहिचान साहित्यकारका रूपमा स्थापित गरेकी छिन् । उषा ठाकुरले नेपाली र हिन्दी साहित्यका विविध विधाहरूको पहिचान दिएका आधारमा उनका व्यक्तित्वलाई यसरी लिन सकिन्छ ।

### ३.३.१ समालोचक व्यक्तित्व

नेपाली र हिन्दी साहित्यको सामोलचना विधामा विशेष रुचि राख्ने उषाका विभिन्न समालोचना कृतिहरू रहेका छन् । उनले आफ्ना समालोचना कृतिमा कुनै प्रकारको आग्रह पूर्वाग्रह नराखी सिर्जना गरेको पाइन्छ । समयसापेक्ष रुपमा उषाले समालोचना क्षेत्रमा गहिराइसम्म पुगेर समालोचना गरेको पाइन्छ । उनको हिन्दी साहित्यको पहिलो समालोचनात्मक कृति **युगकवि पन्त अकाद्मी** पत्रिका (सन् १९७६) मा प्रकाशित भएको थियो । त्यसपछि उनको शोधपरक पुस्तक **पंत काव्यकी सामाजिक भूमिका (सन् १९९५)** नामक कृति प्रकाशित भएको थियो । **हिन्दी और नेपाली साहित्यको प्रतिनिधि हस्ताक्षर** (सन् १९९८) नामक समालोचना र **युगकवि सिद्धिचरण श्रेष्ठको काव्य साधना** (२०६८) नामक समालोचना कृति प्रकाशित भएका थिए । त्यसैगरी नेपाली साहित्यको **स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि** र **नेपाली साहित्यको श्रीवृद्धिमा शाहवंशीयस्रष्टाहरूको योगदान** दुई समालोचना कृति प्रकाशित छन् । उनले आफ्ना समालोचनामा सरल भाषाको प्रयोग गर्दै लेखक, कृति र समाजप्रति व्यवस्थित रूपमा समालोचना प्रस्तुत गरेकी छन् ।

### ३.३.२ कवयित्री व्यक्तित्व

उषा ठाकुरले विशेषगरी साहित्यको समालोचना क्षेत्रमा कलम चलाए तापनि साहित्यको कविता विधामा पनि केही योगदान देखिन्छ । उनले साहित्यको औपचारिक

शुरुवात पनि **नदी और नारी** कविताबाट गरेकी थिइन् र उनीले लेखेका कैयौं कविताहरू पत्र-पत्रिकामा प्रकाशित हुने गरेका छन् । २०४१ सालमा नेपाल महिला साहित्यकार संघद्वारा आयोजित देशव्यापी कविता प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल उषाका कवितामा देशप्रेम, मानवप्रेम, सद्भावना, समानता, शोषित-पिडित, शान्ति आदि विषयवस्तु समावेश गरिएको हुन्छ भने समाजमा विद्यमान दुःख र पीडालाई यथार्थपरक ढंगले प्रस्तुत गर्दै प्रकृतिको चित्रण समेत गरिएको हुन्छ । समाजका विभिन्न भूमिका (छोरी, पत्नी, आमा आदि) निर्वाह गर्दै समाजलाई अग्रगतिमा लैजाने व्यक्ति नै नारी वर्ग हो भन्ने कुराको सङ्केत उनका कवितामा पाइन्छ । व्यक्ति, समाज र राष्ट्र विकास गर्नका लागि विभिन्न समय र परिस्थिति (भूत, वर्तमान र भविष्य) सँग समायोजन गर्दै प्रेरणा प्राप्त गरी कार्य गर्नुपर्छ भन्दै मानवकल्याणको सेवा गर्नमा पूर्ण रुपमा इमान्दारीता प्रदान गर्दै कविता सिर्जना गरेको पाइन्छ । कविता सिर्जना गर्दा सरल, सरस र सुवोध्य भाषाशैलीको प्रयोग गर्नु कवयित्री उषाको विशेषता मानिन्छ ।

### ३.३.३ अनुवादक व्यक्तित्व

उषाले अनुवाद क्षेत्रमा पनि कलम चलाएको पाइन्छ । उनले केशरी वज्राचार्यद्वारा लेखिएको **मरुभूमिका काँटा** कविता सङ्ग्रहको हिन्दी अनुवाद (२०६४) गरेकी छन् भने **पद्मावतीको कथा** (पद्मावती) र **बुद्धको चिठी अशोकको नाममा** निबन्ध (कृष्णचन्द्र सिंह) जस्ता विविध कृतिहरूको वा लेख रचनाहरूको अनुवाद गरेको पाइन्छ र हाल ठाकुरको पेशा पनि नेपाल प्रज्ञा प्रतिष्ठानको साहित्य अनुवाद विभागको प्राज्ञको रुपमा रहेको हुँदा उनको अनुवाद व्यक्तित्वलाई परिचित गराउन सकिन्छ ।

### ३.३.४. कथानक व्यक्तित्व

उषा ठाकुरले अन्य विधाका तुलनामा कथा विधामा कम कलम चलाएको देखिन्छ तर पनि केही रुपमा कथाकारितामा संलग्नता पाइन्छ । पटनाद्वारा प्रकाशित **आकाशवाणी**मा **आँशु वन गए फूल** प्रसारित भयो र **आत्मदाह** तथा **टुटते जुड्ते रिश्ते** हिन्दीका डा. कामता कमलेशद्वारा सम्पादन गरिएको छ । उनका यस्ता कथाहरूमा

नारी वर्गलाई प्राथमिकता दिइएको पाइन्छ । उनका कथाको भाषा सरल, सुवोध्य र प्रभावकारी किसिमको छ ।

### ३.३.५ सम्पादक व्यक्तित्व

साहित्यका क्षेत्रमा अनवरत रूपमा लागिरहने उषाको एक महत्वपूर्ण पक्ष सम्पादक पनि हो । विभिन्न प्रकारका पुस्तक र पत्रपत्रिकाको सम्पादन गर्न सफल व्यक्तित्व उषाका सम्पादकीय व्यक्तित्व रहेका छन् । २०५४ देखि २०५७ सम्म **हिमालिनी** साहित्यिक पत्रिका त्रैमासिकको प्रमुख सम्पादक र २०७१ देखि नेपाल प्रज्ञा प्रतिष्ठानको अनुवाद विभागबाट प्रकाशित पत्रिका **रुपान्तरण**को प्रमुख सम्पादक भई कार्य गरेको पाइन्छ । सन् १९८७, १९९२, १९९३ मा **साहित्यलोक** साहित्यिक पत्रिका (हिन्दी विभाग, त्रि.वि.वि.) को सम्पादन कार्य गर्दै साहित्यको क्षेत्रमा सम्पादक व्यक्तित्व अघि बढेको पाइन्छ ।

### ३.३.६ भूमिका लेखक व्यक्तित्व

उषा ठाकुरले विभिन्न साहित्यिक कृतिहरूमा भूमिका लेखी कृतिको समिष्टगत भाव समेट्दै साहित्यको यस क्षेत्रमा सफल मानिन्छिन् । उनको भूमिका लेखन कृतिहरू निम्नानुसार रहेका छन् :

१. **शारदा कालीन नारी स्रष्टाहरू : एक अवलोकन-नारी स्रष्टाहरू** समालोचना सङ्ग्रह, लेखक : डा. गार्गी शर्मा, प्रकाशक : साहित्य कला मन्दिर, (२०६९)

२. **कायाकल्प : एक दृष्टि-** महानाटक, लेखकः मदनदेव भट्टराई, (२०५४)

३. **कवि भट्टराई र उनको समयको प्रतिबिम्ब : एक दृष्टि**- कविता संगालो, (२०५५)

४. **भद्रकुमारी घले की हिंदी कविताएँ : एक दृष्टि-कविताएँ** कवयित्री :भद्रकुमारी घले, (२०६२)

५. **जीवन स्मृति : एक संक्षिप्त परिचय**- रचयिता : मदनदेव भट्टराई, (२०५१)

६. **शारदाका कवितामा विद्रोहात्मक स्वर : एक दृष्टि-** समालोचना, लेखक डा. गार्गी शर्मा, (२०५८)

७. **लक्ष्मी देवी राजभण्डारी काव्यसाधना : एक दृष्टि** - समालोचना, लेखक : डा. गार्गी शर्मा, (२०५७)

८. **युगबोधले परिपूर्ण कविताहरू - अस्तित्व** कविता सङ्ग्रह, कवयित्री : भद्रकुमारी घले, (२०६०)

९. **हिन्दी कविता सङ्ग्रह नव नेपाल : एक संक्षिप्त अवलोकन** - कविता सङ्ग्रह, कवि : राजेश्वर नेपाल, (२०६९)

## ३.४ सहित्येत्तर व्यक्तित्व

उषा ठाकुरले साहित्यको क्षेत्रमा पुर्‍याएको योगदानका अतिरिक्त साहियेत्तर क्षेत्रमा पनि विशेष योगदान गरेको पाइन्छ । उनले प्राध्यापन क्षेत्रमा कुशल प्राध्यापकको भूमिका निर्वाह गर्दै अन्य क्षेत्रमा पनि विशेष योगदान पुर्‍याएको पाइन्छ । विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुरको हिन्दी विभाग प्रमुख रहेर कार्य गरी हाल नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञको रुपमा कार्य गरी रहेको पाइन्छ ।

## ३.५ जीवनी, व्यक्तित्व र कृतिलेखनका बीच अन्तः सम्बन्ध

उषा ठाकुरका कृतिहरूमा उनको जीवनी र व्यक्तित्वको पूर्णरुपमा प्रभाव रहेको पाइन्छ । जीवनको धेरै समय साहित्य सेवामा बितेको देखिन्छ । समय परिस्थितिले डोर्‍याउँदै भारतमा जन्म भई नेपालसम्म आएर साहित्य, प्राध्यापन समाजसेवा र अन्य विविध फाँटमा उदाउँदै साहित्यका विविध विधामध्ये विशेषगरी समालोचना क्षेत्रमा उनको जीवन भोगाइका क्रममा निस्केको प्रतिफल मानिन्छ ।

यसरी आफूले ग्रहण गरेको समय (युग), सोचाइ आदिको प्रतिबिम्ब आफ्ना साधनामा पाइने भएकाले यिनको जीवनी, व्यक्तित्व र कृतिलेखनका बीच पूर्णरुपमा सामाञ्जस्य रहेको छ ।

## ३.६ निष्कर्ष

उषा ठाकुरको आन्तरिक व्यक्तित्व हेर्दा विचारका दृष्टिमा असाधारण गुण सम्पन्न, मृदुभाषी, व्यवहारमा शिष्टता, शालीनता पाइन्छ । नम्र र मिलनसार स्वभावका कारण

सहयोगी भावना लिएर आत्मविश्वासका साथ आफ्नो व्यवहारलाई सफल पार्ने व्यक्तित्वका रुपमा ठाकुरलाई लिन सकिन्छ ।

नेपाली साहित्यका विविध विधाहरूमा कलम चलाउने बहुआयमिक व्यक्तित्वकी धनी उषाले साहित्य सिर्जनाको औपचारिक शुरूवात **'नदी और नारी'** नामक कविताबाट भएको थियो । नेपाली साहित्यका विविध विधाहरू मध्ये विशेष गरी समालोचना क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएको देखिन्छ । साहित्यकार उषाले लगभग चार दशक जति नेपाली र हिन्दी दुवै भाषाका विविध कृतिहरू सिर्जना गरेको देखिन्छ । उषाको व्यक्तित्वको बारेमा चर्चा गर्दा समालोचक व्यक्तित्व, कवयित्री व्यक्तित्व, अनुवादक व्यक्तित्व, कथानक व्यक्तित्व, सम्पादक व्यक्तित्व, भूमिका लेखक जस्ता साहित्यिक व्यक्तित्व पाइन्छ भने प्राध्यापक व्यक्तित्व उनको सहित्येत्तर व्यक्तित्व हो । यीनै व्यक्तित्वका कारण नेपाली र हिन्दी भाषाका साहित्यकारहरूमध्ये एक सफल साहित्यकारका रुपमा उषा ठाकुरलाई लिन सकिन्छ ।

# चौथो परिच्छेद

## उषा ठाकुरको साहित्यिक यात्रा

उषा ठाकुर भारतको पटनामा जन्मेर हुर्की शिक्षा आर्जन गरी नेपाली र हिन्दी साहित्यका विविध विधाहरूमा कलम चलाउँदै विशेषगरी समालोचना क्षेत्रलाई प्राथमिकता दिएर साहित्य यात्रालाई अगाडि बढाएको पाइन्छ । उनीले समालोचना क्षेत्रलाई प्राथमिकता दिएता पनि कथा, कविता, अनुवाद, सम्पादन, भूमिका लेखन, नियात्रा, संस्मरण आदि विधामा पनि कलम चलाएको पाइन्छ । पुस्तककार तथा पत्र- पत्रिकाहरूमा र विभिन्न रचनाहरूको सम्पादन कार्यमा समेत संलग्न रहेको पाइन्छ । सन् १९६० देखि साहित्य सिर्जनामा कलम चलाएता पनि सन् १९७० मा **नदी और नारी** शीर्षकमा कविता लेखनपछि औपचारिक रुपमा लेखन कार्य भएको हो । उक्त कविता पटनाबाट प्रकाशित आर्यावर्तमा प्रकाशित भएको थियो । त्यसपछि कैयौं लेख रचनाहरू एवं पुस्तकार कृतिहरू क्रमश : प्रकाशित हुँदै साहित्ययात्रा अगाडि बढेको पाइन्छ । उनको साहित्य लेखन यात्रालाई नियाल्दा कुनै प्रकारको चरण विभाजन भएको पाइदैन ।

साहित्यको औपचारिक शुरुवात **'नदी और नारी'** कविताबाट भई सिर्जना गरिएका रचनाहरू पुस्तककार तथा विभिन्न पत्र - पत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन्, भने २०४१ सालमा नेपाल महिला साहित्यकार संघद्वारा आयोजित देशव्यापी कविता प्रतियोगितामा प्रथम स्थान प्राप्त भएको थियो । विभिन्न लेख रचनाहरूको अनुवाद र कथाहरू सिर्जना गरेर नेपाली साहित्यलाई अनुवाद र कथाहरू सिर्जना गरेर नेपाली साहित्यलाई अघि बढाउन प्रयत्न गर्दै साहित्यको क्षेत्रमा सम्पादन कार्यमा संलग्न रहेकी ठाकुरले २०५४ देखि २०५७ सम्म **हिमालिनी** साहित्यिक पत्रिका त्रैमासिकको प्रमुख सम्पादक एवं २०७१ देखि नेपाल प्रज्ञा प्रतिष्ठानको अनुवाद विभागबाट प्रकाशित **रुपान्तरण**को सम्पादक भई कार्य गरेको पाइन्छ । सन् १९८७, १९९२, १९९३ मा **साहित्यलोक** साहित्यिक पत्रिकाको सम्पादन कार्य गरेको पाइन्छ । विभिन्न साहित्यिक कृतिहरूमा भूमिका लेखन

कार्य गर्दै कृतिको समष्टिगत भाव समेट्दै साहित्यको सफलता प्राप्त गर्नमा प्रयत्नशिल रहेको पाइन्छ ।

साहित्य सिर्जनामा नेपाली र हिन्दी दुबै भाषाका विविध विधामा कलम चलाउने ठाकुरको प्रमुख विधा समालोचना देखिन्छ र समालोचना कृतिमा कुनै प्रकारको आग्रह पूर्वाग्रह नराखी गहिराइसम्म पुगेर समालोचना गरेको पाइन्छ । उनको नेपाली साहित्यको पहिलो समालोचना कृति **स्रष्टाको सिर्जना र स्रष्टाको समालोचनात्मक दृष्टि** नामक समीक्षा सङ्ग्रह २०५९ सालमा प्रकाशित भएको हो । **नेपाली साहित्यको श्रीवृद्धिमा शाहवंशीय स्रष्टाहरूको योगदान** समालोचनात्मक सङ्ग्रह २०५९, **मरुभूमिको काँडा बिम्ब प्रतिबिम्ब,** सम्पादन २०५९ र **कवितामा भानु** कविता सङ्ग्रह २०७२ सम्पादित कृति पनि पुस्तकाकार रुपमा प्रकाशित छन् भने हिन्दी साहित्यको पहिलो समालोचनात्मक कृति **युगकवि पन्त** अकादमी पत्रिका (सन् १९७६) मा प्रकाशित भएको थियो । त्यसपछि **पंत काव्यकी सामाजिक भूमिका** (सन् १९९५) नामक शोधपरक पुस्तक प्रकाशित भएको थियो । त्यसपछि **हिन्दी और नेपाली साहित्यको प्रतिनिधि हस्ताक्षर** समीक्षा संग्रंह (सन् १९९८), **मरुभूमिका काँटा** कविता सङ्ग्रह (हिन्दी अनुवाद) २०६० र **युगकवि सिद्धिचरण श्रेष्ठको काव्य साधना** २०६८ प्रकाशित रहेका छन् ।

यसरी नेपाली र हिन्दी साहित्यका विविध विधामा कलम चलाई योगदान पुऱ्याउने उषा ठाकुरका पुस्तककार रुपमा रहेका समालोचना, समीक्षा भूमिका लेखन र सम्पादनका अतिरिक्त पत्र-पत्रिका तथा विभिन्न सन्दर्भका लेख, रचनाहरू प्रकाशित भई साहित्यिक यात्रा अगाडि बढेको पाइन्छ ।

# पाँचौ परिच्छेद

# समालोचनात्मक कृतिहरूको विश्लेषण

नेपाली र हिन्दी साहित्यका विविध विधामध्ये समालोचना क्षेत्रलाई प्रखर विधाका रुपमा लिइन्छ । समालोचना साहित्यको सिर्जनापछि जन्म हुने गर्दछ । यसरी नेपाली समालोचनाका क्षेत्रमा विभिन्न पद्धतिमा आवद्ध रहेर सिर्जना गर्ने उषा ठाकुरका नेपाली भाषा साहित्य क्षेत्रका **स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि** (२०५९), **नेपाली साहित्यको श्री वृद्धिमा शाहवंशीय स्रष्टाहरूको योगदान** (२०५९), **कवितामा भानू** (२०७२) **मरुभूमिको काँडा : बिम्ब प्रतिबिम्ब** (२०५९), र हिन्दी साहित्यका **मरुभूमिको काँटा कविता सङ्ग्रह हिन्दी  अनुवाद** (२०६०), **युगकवि सिद्धिचरण श्रेष्ठको काव्य साधना** (२०६८), **पन्त काव्यको सामाजिक भूमिका** (१९९५) **हिन्दी और नेपाली साहित्य के प्रतिनिधि हस्ताक्षर** (सन् १९९८), जस्ता कृतिहरू पुस्तकाकार रूपमा प्रकाशित छन् । यी कृतिहरूको क्रमशः परिचय,  एवं संक्षिप्त विश्लेषण  यसरी गर्न सकिन्छ ।

## ५.१ स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि

### ५.१.१ परिचय

**स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि** नामक पुस्तक उषा ठाकुरद्वारा लेखिएको समालोचनात्मक कृति हो । बाहिरी आवरणमा खैरो रङ भएको निलो अक्षरले  पुस्तक र लेखकको नाम लेखिएको उक्त पुस्तकको पछाडि भागमा नीलो अक्षरले समालोचकको परिचय र फोटो समेत दिइएको छ । पृष्ठ १५६ रहेको उक्त पुस्तकको भूमिका उषा ठाकुरद्वारा दिइएको छ भने प्रकाशक डा. राम भक्त ठाकुरले गरी उक्त पुस्तक २०५९ माघमा प्रकाशित भएको हो । साहित्यका विविध विधामा महत्वपूर्ण योगदान दिने केही काव्य, महाकाव्य, कथा, निबन्ध, नाटक आदि र सम्बन्धित लेखकहरूप्रति सर्वेक्षण र मूल्यांकन गर्ने कार्य गरिएको छ साथै केही लेखकहरूको तुलनात्मक अध्ययन समेत गरी जम्मा तेइस ओटा शीर्षकमा प्रस्तुत गरिएको छ । यस कृतिमा २०४० देखि २०५९ भित्र भिन्नाभिन्नै समयमा लेखिएका भिन्न प्रकारका विचार एवं विधागत विविधतालाई समेटिएको छ । तुलानात्मक अध्ययनलाई पनि प्रश्रय दिदैं

भिन्न भाषा, देश र कालका स्रष्टाहरू भएपनि मूलतः उनीहरूको ढुकढुकी एक हुन्छ भन्दै उषाले सहित्यमा भूगोल हुँदैन भन्दै यस रचनाको निर्माण गरेकी छन् । नेपाली र हिन्दी साहित्यका विधामा कलम चलाइ योगदान दिने व्यक्तित्वहरूको सर्वेक्षण र मूल्यांकन गर्ने कोशिश गरिएको छ । यस समालोचना समीक्षा सङ्ग्रहमा समावेश गरिएका कृतिकारका जीवन दृष्टि, काव्यप्रतिको धारणा, उनीहरूका काव्यमा दार्शनिक चिन्तन, साहित्य साधना, वैचारिकता, सर्वेक्षण, साहित्यमा योगदान आदि कुरालाई लिइ समय र परिवेशलाई मध्यनजर गर्दै विश्लेषण वा समीक्षा गर्न खोजिएको छ ।

### ५.१.२ विषयवस्तु

पहिलो शीर्षक **'महाकवि देवकोटाका जीवन दर्शन'** नामक समालोचना प्रस्तुत गरिएको छ । नेपाली भाषा र साहित्यलाई समृद्धि प्रदान गरेर सफलतामा पुर्‍याउने महाकवि लक्ष्मीप्रसाद देवकोटालाई विभूतिका रुपमा चिनाउँदै विषयवस्तु प्रस्तुत गरिएको छ । यसमा देवकोटाले साहित्यका विविध विधामा कलम चलाएका छन् । उनका नाटक ३, कथासङ्ग्रह १, उपन्यास १, निबन्ध सङ्ग्रह १, समालोचना सङ्ग्रह १, अनुदित प्रबन्ध सङ्ग्रह १, अनुदित नाटक १ र कविता विधामा महाकाव्य ६, खण्डकाव्य २१, कविता सङ्ग्रह, १४ अर्थात् ४१ ग्रन्थ उपलब्ध भएको कुरा जानकारी दिदै र विविध श्लोकहरू दिएर पूर्वीय र पाश्चात्य साहित्य, दर्शन ज्ञान, विज्ञान कला र संस्कृतिको अध्ययन मनन र चिन्तनको आधारमा कविका जीवन दर्शनलाई अत्यन्त महान, व्यापक र प्रेरणादायी मान्दै मुक्तिको कामना गर्नु छ भने जीवनबाट मुक्तिको कामना नगरेर यस संसारका दुःख, दरिद्रता र असमानताबाट मोक्ष प्राप्तिका लागि प्रयत्नशील हुनुपर्छ । मनुष्यका लागि प्रेम नै जिन्दगी हो र परोपकार सेवा नै ठूलो धर्म हो । शोषित, पीडित, दीन, दुःखीका हृदयमा नै ईश्वरको वास हुन्छ भन्दै समालोचना गरिएको छ ।

दोस्रो शीर्षक **'युगकवि लक्ष्मी प्रसाद देवकोटा'** प्रति समालोचना गरिएको छ । यस रचनामा असल कवि युगद्रष्टा एंव भविष्य स्रष्टा हुन्छ भनेर शुरु गरिएको छ । मानवतावादी कवि लक्ष्मीप्रसाद देवकोटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत विख्यात रहेको चर्चा गर्दै विभिन्न युगको अर्थनिति, राजनीति, समाजनिति, शिक्षानिति, सभ्यता संस्कृति, साहित्य आदि सबै क्षेत्रमा चिन्तन मनन गर्दै समाजका समस्यामा

मानवीय आदर्शको मूल्य मान्यतामाथि आवाज उठाउने कविको चर्चा गर्दै र उनका उत्कृष्ट श्लोकहरूलाई लिदै युगकवि देवकोटा एक मानवतावादी कविको रुपमा हामी सामु रहेको कुरा उल्लेख गरिएको छ ।

तेस्रो शीर्षकमा **'लक्ष्मी प्रसाद देवकोटा र सुमित्रा नन्दन पंतका काव्यमा दार्शनिक चिन्तन'** नामक रचनामा साहित्य र दर्शनको बेग्लाबेग्लै क्षेत्र भए तापनि आपसमा गहिरो सम्बन्ध रहेको हुन्छ भनिएको छ । प्राचीन कालदेखि साहित्य दर्शनबाट र दर्शन साहित्यबाट प्रभावित भएको कुरा उल्लेख गर्दै देवकोटाको "मेरो आफ्नो क्षेत्र त थियो कविता र साहित्य तर कुनै कवि या साहित्यिक पनि केही अंशमा दार्शनिक पनि हुन्छ ।" जस्ता सारगर्भित भनाइ प्रस्तुत गरिएको छ । हिन्दी साहित्यका महान् कवि सुमित्रानन्दन पंत पनि देवकोटाका सदृश मानवताका अनन्य पुजारी हुन् र एकता स्वतन्त्रता, समानता, विश्वबन्धुत्व र मानव सेवाका मन्त्र लिएर मानवकल्याणका लागि समर्पित व्यक्तित्वका रुपमा लिदै विभिन्न कविताका श्लोकहरूको चर्चा गर्दै आ-आफ्नो क्षेत्रमा आफ्नो मौलिकतालाई अक्षुण राखेर आ-आफ्नो दृष्टिकोणबाट युग युगसम्म दिशा निर्देश गर्ने कुरामा विश्वस्त रहेको कुरा बताइएको छ ।

चौथो शीर्षक **'देवकोटा काव्यमा शिल्प विधान र काव्य सौष्ठव'** नामक रचनामा महाकवि लक्ष्मीप्रसाद देवकोटालाई प्रतिभा मात्र नभनेर वस्तुतः उनी **'प्रतिभा पुंज'** भएको कुरा उल्लेख गरिएको छ । नेपाली साहित्यको इतिहासमा भाव र भाषाशैली माथि दक्षतापूर्ण अधिकार राख्ने पहिलो व्यक्ति हुनुहुन्छ । आवश्यकता अनुसार विभिन्न भाषाको प्रयोग गर्दै र अतिक्लिष्ट एवं अप्रचलित संस्कृतका तत्सम भाषाको पनि प्रयोग गरेको जसका कारण भाव बोधमा जटिलता आएको कुरा उल्लेख छ । कविताको काव्य प्रतिभा प्रखर, सहजता कविताको प्रथम गुण रहेको र सजीव चित्रण गरेको विशेषता रहेको चित्रण गर्दै देवकोटाका काव्यगत शिल्प विधान र काव्यिक व्यक्तित्वलाई उठान गर्दै महाकवि देवकोटा भौतिक रुपमा हामी सामु नरहे पनि आफ्ना कृतिमा अमर रहेको कुरा बताइएको छ ।

पाँचौं शीर्षक अन्तर्गत **महाकवि देवकोटा र महापण्डित राहुल** रचना प्रस्तुत गरिएको छ, जसमा अन्तराष्ट्रिय ख्याति प्राप्त विद्वान महापण्डित राहुल सांस्कृत्यायन

नेपाल र नेपालीहरूसँग धेरै आत्मीयता एवं राहुलको गहिरो र अटुट सम्बन्ध रहेको कुरा व्यक्त गर्दै नेपाल देश, यहाँको संस्कृति आदिका बारेमा उहाँले अध्ययन गरेको कुरा उल्लेख गरिएको पाइन्छ । लगभग ४० भाषाका ज्ञाता ५० भन्दा बढी देशको भ्रमण सम्पन्न गरेका राहुलको नेपालको साहित्य र साहित्यकारप्रति सहृदयता अविस्मरणीय रहेको बताइएको छ । राहुलले पटक-पटक नेपालको भ्रमण गरेको र नेपालका साहित्यिकारहरू उनका अनन्य मित्र रहेको कुरा उल्लेख गरिएको छ । देवकोटा र राहुलको मित्रता प्रगाढ रहेको र उक्त मित्रता ऐतिहासिक रेहेको भन्दै अन्त्यमा महाकवि देवकोटा भौतिक रुपमा हाम्रा सामु नभएतापनि आफ्ना कृतिहरूले अमर भएर उनी बाँचीरहने र दिशा निर्देश गरिरहने कुराको चर्चा गरी हार्दिक श्रद्धाञ्जली व्यक्त गरिएको छ ।

छैटौँ शीर्षक **युग प्रवर्तकः कविवर सिद्धिचरण श्रेष्ठमा** श्लोकबाट शुरु भएको छ । सिद्धिचरण र सुमित्रानन्दन पन्तका कविताका श्लोक पछि कविता जीवन हो र जीवन कविता हो भन्दै कविताले सौन्दर्यनुभूति, आनन्दानुभूति, सत्यानुभूति गराउने कुरा उल्लेख गरिएको  छ । क्रान्ति जगाउने उत्तेजना र शक्ति प्रदान गर्न सक्ने उनका कृतिका श्लोकले बताउँछ भन्दै आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराका अग्रणी कविका रुपमा सम्मान दिने कुरा गरिएको छ । अन्त्यमा नेपाली साहित्यका महान कवि सिद्धिचरण श्रेष्ठज्यू नेपालका ज्योतिपुञ्ज भएर युग युगसम्म चम्किरहनेछन् र हामीलाई प्रेरणा दिइरहने छन् भनिएको छ ।

सातौँ शीर्षकमा **प्रेरणाका अक्षय स्रोतः कवि सिद्धिचरण श्रेष्ठ** दिइएको छ । सिद्धिचरण श्रेष्ठको कविताको श्लोकबाट शुरुवात भएको यस रचनामा एक सच्चा कवि आफ्नो समाज र देशबाट कहिल्यै विमुख नहुने कुराको चर्चा गर्दै आधुनिक युगका एक महान विभूति सिद्धिचरण हुन् । उनका काव्यात्मक अभिव्यक्ति सामाजिक राजनैतिक सन्दर्भबाट जन्मी देशमा रहेको राजनैतिक गतिविधिले झक्झकाएको हुन्छ भनिएको छ । विभिन्न उनका सारगर्भित कविताका श्लोकलाई प्रस्तुत गर्दै अन्त्यमा महान् प्रतिभाका धनी कवि सिद्धिचरण श्रेष्ठ एक असल युग कविका रुपमा स्थापित भई प्रेरणाका स्रोत बनेको कुरा चर्चा गरिएको छ ।

आठौँ शीर्षक **मानवीय चेतनाका प्रखर व्यक्तित्व युगकवि सिद्धिचरण श्रेष्ठ** राखिएको छ । सिद्धिचरणका कवितामा देश प्रेम र सामाजिक विसंगति प्रति व्यंग्य एंव विद्रोहको क्रान्ति चेतना र युगवोधको प्रवल भावना व्याप्त हुन्छ भन्दै विभिन्न उदाहरणीय श्लोकहरूको प्रयोग गर्दै कविता सङ्ग्रह मेरो प्रतिबिम्ब (२०२१), कोपिला (२०२१), कुहिरो र घाम (२०४५), सिद्धिचरणका प्रतिनिधि कविता (२०४५), तिरमिरे तारा (२०४६), बाँचिरहेको आवाज (२०४६) त्यसैगरी खण्डकाव्य उर्वशी (२०१७), ज्यानमारा शैल (२०२३), मंगलमान (२०४९), आँसु (२०५०) जस्ता कृतिहरूको नाम दिइएको छ साथै उनका पुरस्कारहरूको समेत जानकारी दिइ अन्त्यमा उनलाई कविताले **'ज्योतिपुञ्ज'** का रुपमा स्थापित गरेको चर्चा गरिएको छ ।

नवौँ शीर्षकमा **वरिष्ठ नेपाली साहित्यकार वी.पी कोइरालाको हिन्दी साहित्य साधना** शीर्षकमा चर्चा गरिएको छ । शुरुमा वी.पी. कोइरालाको भनाइबाट शुरु गरी उनको विशिष्ट व्यक्तित्वको चर्चा गर्दै साहित्य र राजनीति दुबै क्षेत्रमा आफ्नो लगनशीलता, कर्मठता, दृढ आत्मबल र अद्‌भूत प्रतिभाको बलले सफलता हासिल गरेको कुराको चर्चा पाइन्छ । उनका कृतिको बारेमा जानकारी दिदै हिन्दी साहित्यमा वी.पी. ले पुर्‍याएको योगदानका बारेमा जानकारी दिइएको छ र अन्त्यमा वी.पी. का हिन्दी रचना कमै भएपनि गहिराइका कारणले पठनीय र मननीय रहेको कुरा व्यक्त गरिएको छ ।

दशौँ शीर्षकमा **नेपाली साहित्यका अमर विभूति व्यथित र उनका हिन्दी कविताहरू** नामक शीर्षकमा कविताको श्लोकबाट सुरु गरिएको छ । केदारमान व्यथित नेपाली साहित्यका महान प्रतिभा भएर नेपाली साहित्यमा उनको विशेष योगदान पाइन्छ । लगभग ६ दशकसम्म साहित्य साधनामा बिताएर उनका कविता व्यक्ति, परिवार, समाज र राष्ट्रका सीमित सीमा नाघेर विश्व कल्याण कामनामा अर्पित छन् भनिएको छ । उनका प्रकाशित कविताको जानकारी दिदै र विभिन्न श्लोकहरूको प्रयोग गर्दै एवं पुरस्कारहरूको जानकारी दिदै अन्त्यमा नेपाली साहित्यका मूर्धन्य व्यक्तित्वको मृत्युले साहित्य जगतलाई निश्चय पनि अपूरणीय क्षति पुगेको चर्चा गर्दै श्रद्धाञ्जली दिइएको छ ।

एघारौँ शीर्षक **कवयित्री छिन्नलताः एक सर्वेक्षण** समालोचनामा छिन्नलताका साहित्यिक विशेषताको चर्चा गरिएको छ । छिन्नलता एक विभूति भएको उल्लेख गर्दै प्रसिद्ध छायावादी कवयित्री महादेवीका भनाइहरू प्रस्तुत गरिएको छ । महादेवीका कविताका श्लोक र छिन्नलताका कविताका श्लोक प्रस्तुत गर्दै उनका गीत सङ्ग्रहको समेत जानकारी दिइएको छ । कवयित्री छिन्नलताका गीतहरूमा सुन्दर, सरस र मार्मिक अभिव्यक्ति पाइने कुराको चर्चा गर्दै शब्दचयन, समुचित विन्यास, लयात्मकताप्रति सचेत भावना आदि प्रभावशाली र अनुकरणीय रहेको कुरा उल्लेख गरिएको छ र उनका सिर्जना युगयुगसम्म जीवन्त र प्रेरणाप्रद बनेर रहने छ भनिएको छ ।

बाह्रौ **युद्धको विभीषिका र सन्त्रासबाट मुक्ति दिलाउने प्रयासमा 'अश्वत्थामा र अन्धायुग'** शीर्षकमा माधव प्र. घिमिरेद्वारा रचित कविताको श्लोकबाट शुरु भएको छ । युगकविले सुन्दर युग र सुन्दर विश्वको निर्माण गर्छ, स्वर्णिम युग जन्माउँछ भन्ने कुरालाई चर्चा गर्दै **'अश्वत्थामा'** र **'अन्धायुग'** जस्ता पौराणिक कृतिको चर्चा गरिएको छ । विभिन्न श्लोकहरूको प्रयोग गर्दै **अश्वत्थामा र 'अन्धायुग'** साहित्यका बहुमूल्य निधि भएको कुरा दर्शाइएको छ र अन्त्यमा **अश्वत्थामा र 'अन्धायुग'** जस्ता सक्षम, उपयोगी, शान्तिका सन्देशवाहक लोक कल्याणकारी कृतिहरूका संरचना आजको युगको माग र आवश्यकता हो भनिएको छ ।

तेह्रौ शीर्षकमा **'लोकेन्द्र बहादुर चन्द र उनको इन्द्रधनुष'** रचनामा एउटा सच्चा साहित्यकारको लागि भौगोलिक सिमानै हुदैन भन्दै देश र कालको सीमामाथि उठेर यस्ता साहित्यकार युग द्रष्टा हुनका साथै युग सृष्टा पनि हुन्छन् भन्दै कवि चन्द एक सच्चा साहित्यकार रहेको कुरा बताइएको छ । उनका विभिन्न श्लोकहरू उद्धत गर्दै साहित्य जीवनका दर्पण मात्रै नभएर जीवन र समाजको मार्गदर्शक पनि हुन्छ भन्दै साहित्यकार चन्दलाई उच्चकोटीको साहित्यकार मानेर हिन्दी भाषामा लिखित **'इन्द्रधनुष'** कविता सङ्ग्रहको चर्चा गरिएको छ । उनको परिचयका साथै उनको साहित्य क्षेत्रको चर्चा गर्दै कृतिहरूको जानकारी दिदै, **'इन्द्रधनुष'** कविताको भावगत विशेषताहरू देखाइएको छ । चन्दको **'इन्द्रधनुष'** कृतिको चर्चा र विशेषता एवं भाव, भाषाशैलीका, दृष्टिले उत्कृष्ट रहेको भन्दै र अन्त्यमा चन्दका बारेमा कवि माधव

घिमिरेले भनेका कथन (एक नेपाली कविका हिन्दी साहित्य मे यह योगदान अत्यन्त महत्वपूर्ण है) प्रस्तुत गरिएको छ ।

चौधौँ **'कवि भट्टराई र उनको समयको प्रतिबिम्ब एक दृष्टि'** शीर्षकमा सम्पूर्ण विश्वमा व्याप्त विशाल विश्रंखलित मानव समाजलाई आफ्नो आवेग, अनुभुति, संवेदनशीलता र ज्ञानको आधारमा एक सुत्रमा बाँधेर कल्याणकारी मार्ग निर्देशन गर्नु सच्चा साहित्यकारको मुख्य दायित्व हो भन्दै विभिन्न साहित्यका सुप्रसिद्ध कविका कथनलाई लिइएको छ । **'समयको प्रतिविम्ब'** शीर्षक कविता सङ्ग्रहले समाजलाई सही दिशामा लैजाने प्रयास गर्छ । 'आध्यात्मिक प्रेरणा, बौद्धिक चेतना र शारिरीक वैचारिकताको गहिराइले कवि मदनदेवलाई दार्शनिक मदनदेव बनाइदिएको कुरा चर्चा गरिएको छ । सामाजिक समस्याहरूलाई जीवन्त बनाउँदै, जागरुकता र सक्रियतातर्फ लैजान कविले प्रशंसनीय प्रयास गरेको कुराको उल्लेख गर्दै अन्त्यमा जीवनका वहूमुल्य अनुभवलाई सहज, सरल, मार्मिक र प्रभावशाली ढंगले समाज समक्ष प्रस्तुत गर्नु भएकोमा मदनदेव जस्तो साहित्यिक व्यक्तित्वप्रति समाजले ऋणी हुनुपर्दछ भन्दै प्रेरणादायी र मार्गदर्शक कृतिहरूको अपेक्षा राखिएको छ ।

पन्ध्रौँ शीर्षक **'मदनदेव भट्टराईका केही कथाहरू'** एक विश्लेषण प्रस्तुत गरिएको छ । जसमा आफूले कथा सङ्ग्रह पढ्न पाएको कुराबाट शुरु गरेर उनका सृजनशील व्यक्तित्व र कथाकारिताको प्रसंशा गर्दै कथा सङ्ग्रहमा संग्रहित ६ ओटा कथाको नाम उल्लेख गरिएको छ । कथाको परिवेश, भावलाई उल्लेख गर्दै समाजको यथार्थलाई चित्रण गरिएको छ । सामाजिक राजनैतिक विकृति आर्थिक भ्रष्टाचारप्रति कथाकारको आक्रोशलाई व्यंग्यात्मक रुपमा आएका कुरा व्यक्त गरिएको छ । काल वा परिवेश, कलाशिल्प आदिका कारण कथाहरू पठनीय छन् भनिएको छ र अन्त्यमा नेपाली कथा साहित्यको क्षेत्रमा कथाको छुट्टै महत्व रहेको हुँदा भविष्यमा फेरी कथाको मदनदेव आफ्नो अनुभवको आधारमा पुनः कथा फाँटमा उज्जवल कीर्तिमान छर्ने कुरामा विश्वास रहेको भनाइ व्यक्त गरिएको छ ।

सोह्रौ शीर्षक **'कायाकल्पः एक मुल्यांकनमा' 'कायाकल्प'** नेपाली साहित्यका प्रतिष्ठित व्यक्ति मदनदेवद्वारा रचना गरिएको कृति हो भन्ने उल्लेख गरिएको छ ।

मदनदेवले विभिन्न क्षेत्रमा भूमिका निर्वाह गरेको उल्लेख गर्दै साहित्य जीवनोपयोगी हुनुपर्छ भन्ने कुरामा जोड दिइएको छ । विभिन्न व्यंग्यात्मक कविताहरूको माध्यमबाट देशका साहित्यिक, सांस्कृतिक, राजनैतिक, धार्मिक, आर्थिक अवस्थामाथि प्रहार भएको छ । दर्शन र धर्मलाई जनताका माझमा पुर्‍याउने दिशामा महत्वपूर्ण भुमिका निभाएको भन्ने कुरामा जोड दिदै विभिन्न उक्तिहरूको प्रयोग गरिएको छ । अन्त्यमा युगलाई दिशानिर्देश दिने यस कृतिबाट सिर्जनाले प्रेरणा पाओस र भविष्यमा पनि यस्ता सपना सिर्जना भइरहोस् भन्ने शुभकामना व्यक्त गरिएको छ ।

सत्रौ शीर्षक **जीवन-स्मृतिः मीमांसा** नामक रचना छ जसमा कविताको श्लोकबाट शुरु गरेर संसारमा दुःख छ, क्रोध र वेदना भएको कुरा उल्लेख गर्दै साहित्यकार मदनदेव भट्टराईको कृतिलाई केलाउने हो भने मानवता, दुःख र सुख विद्रोह र क्रान्ति, इतिहास र संस्कृति दार्शनिकता, नारीप्रतिको सदभावना, प्रकृति प्रेम, युगवोध, विश्ववन्धुत्व, स्वतन्त्रता, समानता, सह-अस्तित्व आदि प्रवृत्तिहरू रहेका हुन्छन् भनिएको छ र अन्त्यमा जीवन स्मृतिबाट यसले प्रेरणा र प्रोत्साहन पाओस् भन्ने कामना गरिएको छ ।

अठारौ शीर्षक **'नेपाली साहित्यकी अथक साधिका गोमा'** मा कविता श्लोकपछि गोमाको साहित्य साधना समाज केन्द्रित रहेको कुरा उल्लेख छ र डा. हिमांशु थापाको कथन पनि प्रस्तुत गरिएको छ । उनको कथनमा गोमाको जन्म नै एउटा व्यथा र उनको जीवन नै समग्र व्यथा भन्दै यात्रा नै संघर्षको जीवन रुप मानिएको कथन उल्लेख गरिएको छ । गोमाका साहित्यिक व्यक्तित्व जीवनयात्रा, काव्य सिर्जनाको प्रेरणा स्रोत, विचार, परिचय, प्रकाशित कृति र समयको उल्लेख गर्दै काव्य यात्राका भावहरू व्यक्त गरिएको छ र अन्त्यमा भौतिक शरीर नष्ट भएतापनि गोमाको कदर सम्मान होस् भनी श्रद्धाञ्जलि दिइएको छ ।

उन्नाइसौ शीर्षकमा **'वरिष्ठ साहित्यकार धुस्वाँ सायमीका हिन्दी साहित्य - साधना'** नामक रचना रहेको छ जसमा धुस्वाँ सायमीलाई वहु प्रतिभाका धनी, नेपाली, हिन्दी, नेवारी साहित्यका सुपरिचित र प्रतिष्ठित व्यक्तिको रुपमा चिनाइएको छ । उनका नेपाली हिन्दी र नेवारी तीनै भाषाका कृतिको र ती कृतिहरूले व्यक्त गरेका

भावहरूको चर्चा गर्दै उनलाई विविध विद्याहरूसँग चर्चित पारिएको छ । विभिन्न श्लोकहरू पनि उदृत गर्दै सम्मान र पुरस्कारको समेत चर्चा गरिएको छ अन्त्यमा धुस्वाँ सायमी असल साहित्य साधक भएको भावना व्यक्त गर्दै नेपाली र नेपाल भाषा जस्तै हिन्दी साहित्य जगत पनि उनको ऋणी रहेको कुरा व्यक्त गरिएको छ ।

बीसौ शीर्षक **'नेपाली साहित्यिक पत्रिकाको गौरवमय परम्पराको गौरवमय परम्परा 'रत्न श्री'** नामक रचना रहेको छ । साहित्यिक पत्रिकाको उद्देश्यको प्रचार - प्रसार, विकास र सम्बर्द्धन गर्न प्रेरणा दिनु, यथार्थताको अनुभुति गराउनु, भविष्यका सम्भावित परिणाममा सचेत भई मार्ग प्रदर्शन गर्नु आदि रहेको कुरा चर्चा गरिएको छ । विभिन्न समयमा विभिन्न पत्र-पत्रिकाको नाम र समयको उल्लेख गर्दै तिनीहरूका विशेषता एवं वाह्य र भित्री गुणको चर्चा समेत गरिएको छ र अन्त्यमा **रत्न श्री** अझ फलोस् भनि कामना गरिएको छ ।

एकाइसौ शीर्षकमा **निबन्धकार कमल दीक्षित र उनको 'नेति नेति'** नामक रचना प्रस्तुत छ । जसमा नेपाली साहित्यको इतिहासमा कमल दीक्षित प्रतिष्ठित व्यक्ति भएको कुरा व्यक्त गरिएको छ । उनको साहित्यमा रहेको योगदानका बारेमा चर्चा गर्दै, साहित्य योगदान गरे वापत् प्राप्त भएका सम्मान तथा पुरस्कारको समेत उल्लेख गरिएको छ । निबन्धका बारेमा समेत जानकारी दिदै **'नेति नेति'** कृतिका कृतिकार कमल दीक्षितलाई उच्चकोटिका सक्षम निबन्कारको रुपमा प्रतिष्ठित भएको कुरा उल्लेख पाइन्छ ।

बाइसौ रचना **'सार्क साहित्यमा महिला साहित्यकारहरूको योगदान** नामक शीर्षक प्रस्तुत गरिएको छ । विश्वका विभिन्न देशवासीहरूको बीच भाषा, जाति, वर्ण, लिंग, धर्म भिन्न भएता पनि मानव हृदय र मानव चेतनामा प्राय : समानता रहन्छ भनिएको छ । अझ सार्क क्षेत्रका राजनैतिक, सामाजिक, धार्मिक, आर्थिक, साँस्कृतिक परिस्थितिहरू प्राय : समान रहेको कुराको उल्लेख गर्दै सार्क साहित्यमा महिला लेखकहरूको दायरा फराकिलो रहेको जानकारी दिइएको पाइन्छ । सार्क महिला लेखिकाहरूले गरेका योगदानका बारेमा विविध उदाहरणहरू प्रस्तुत गर्दै सार्क भरिकै

समाजमा रहेका कुरालाई उल्लेख लिदैं अन्त्यमा हामी स्वस्थ, सुन्दर मानव समाजको संरचनाका लागि प्रयत्नशील हुनु दायित्व रहेको चर्चा गरिएको छ ।

तेइसौ शीार्षक **'नेपाली र हिन्दी साहित्य : वैचारिक आदान-प्रदानको आवश्यकता र उपादेयता'** नामक रचनामा साहित्यको अध्ययन मननले हाम्रो सीमित ज्ञानलाई व्यापकता प्रदान गर्दछ । विभिन्न भाषाका साहित्यहरूको तुलनात्मक अध्ययन र अनुवादको आफ्नै प्रकारको उद्देश्य रहेको हुन्छ । विभिन्न देश र देशमा रहेका भाषाको आफ्नै प्रकारको मित्रता रहन्छ, जसका लागि साहित्यिक सहयोग जरुरी छ । मैत्री संघ, संगोष्ठी वा कविगोष्ठी आदिबाट मैत्रीभाव आदान प्रदान हुने कुरा उल्लेख गर्दै विभिन्न पत्र-पत्रिकामा प्रकाशित नेपाली र हिन्दी भाषाका लेख रचनाको जानकारी समेत दिइएको छ । पत्र-पत्रिकाका अतिरिक्त विभिन्न समयका नेपाली र हिन्दी साहित्यकारहरूले गरेका वैचारिक आदान-प्रदानको चर्चा गर्दै अन्त्यमा हाम्रा ज्ञान-क्षितिजले अरु धेरै व्यापकता प्रदान गर्न सक्नेछन् र हामी बीच एकताको भावना सुदृढ हुनेछ भन्दै दुई घनिष्ठ राष्ट्रका वन्धुत्व भावलाई अझै सौहार्दपूर्ण बनाउन सहयोग पाउन सकिन्छ भनिएको छ ।

### ५.१.३ भाषाशैली

उषा ठाकुरद्वारा तयार गरिएको **'स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि'** नामक समालोचना कृतिमा २३ ओटा समालोचनात्मक लेख प्रस्तुत गरिएको छ । यस कृतिको प्रस्तुतिमा भाषिक सरलता पाइन्छ केही सन्दर्भगत रुपमा प्रस्तुत गरिएका कविताका श्लोकहरूमा कठिन शब्दहरू भएतापनि समालोचकले समालोचना गर्ने सन्दर्भमा सरल बनाएको पाइन्छ । आगन्तुक शब्दहरूको प्रयोग गर्दै व्याख्यात्मक र

### ५.१.४ निष्कर्ष

वि.सं २०५९ सालमा प्रकाशित पुस्तक **'स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि** कृतिमा' २३ जना चर्चित साहित्यकारहरूको बारेमा शोधपरक समालोचनात्मक लेख प्रस्तुत गरिएको छ । यस कृतिमा २०४० देखि २०५९ भित्र भिन्न समयमा लेखिएका भिन्न प्रकारका विचार र विधागत विविधतालाई समेटी तुलनात्मक अध्ययनलाई समेत प्रश्रय दिइ भिन्न भाषा, देश र कालका सृष्टा भएपनि उनीहरूको

ढुकढुकी एक हुन्छ भन्दै उषा ठाकुरले साहित्यमा भूगोल हुदैन भनी यस रचनाको निर्माण गरेकी छन् । नेपाली र हिन्दी साहित्य विधामा कलम चलाएर योगदान दिने व्यक्तित्वहरूको सर्वेक्षण र मुल्यांकन गर्ने कोशिश गरिएको छ । यस समालोचना सङ्ग्रहमा समावेश गरिएका कृतिकारका जीवनदृष्टि, काव्यप्रतिको धारणा, उनीहरूका कार्यमा दार्शनिक चिन्तन साहित्य साधना, वैचारिकता, सर्वेक्षण, साहित्यमा योगदान आदि कुरालाई लिएर समय र परिवेशलाई मध्यनजर गर्दै विश्लेषण वा समीक्षा गर्न खोजिएको छ ।

## ५.२ नेपाली साहित्यको श्रीवृद्धिमा शाहवंशीय स्रष्टाहरूको योगदान

### ५.२.१ परिचय

**नेपाली साहित्यको श्रीवृद्धिमा शाहवंशीय स्रष्टाहरूको योगदान नामक** समालोचनात्मक सङ्ग्रह उषा ठाकुरद्वारा रचित पुस्तक हो । यस पुस्तकको आवरण हरियो छ भने पहेलो रङ्को प्रयोग गरी पुस्तक र लेखकको नाम लेखिएको छ । उक्त पुस्तकको पछाडि भागमा पनि हरियोमा पहेलो अक्षरले समालोचक -लेखकको परिचय र फोटो समेत राखिएको छ । पृष्ठ संख्या ११४ र पुरस्कार, सम्मान तथा विविध कार्यक्रममा सहभागी भएका लेखकका फोटाहरू प्रस्तुत १४ पृष्ठ प्रस्तुत गरिएको छ । प्रकाशक डा. रामभक्त ठाकुर रही यस पुस्तकको प्रथम संस्करण २०४९ चैतमा भएको हो । जम्मा समालोचना शीर्षक १६ ओटा रहेको यस रचनामा मानवीय संवेदनाका सशक्त गीतकार जी. शाहमा साक्षर समर्पण गर्दै जी. शाहको फोटो समेत एक पृष्ठमा राखिएको छ र २७, २०५९ चैते दशैका अवसरमा रचनाकार उषा ठाकुरद्वारा व्यक्त गरिएको लेख प्रस्तुत गरिएको छ ।

### ५.२.२ विषयवस्तु

पहिलो शीर्षक **शाहवंशीय साहित्यकारहरू र गीतकार जी. शाह** लेख प्रस्तुत गरिएको छ । जसमा नेपाली साहित्यको विकास संरक्षण र संवर्द्धनमा शाहवंशको भूमिका महत्वपूर्ण रहेको कुरा उल्लेख गर्दै तत्कालिन श्री ५ तथा राजपरिवारका सदस्यहरू साहित्य सिर्जनामा संलग्न रहेको र उल्लेखनीय योगदान दिएको कुराको

उल्लेख गरिएको छ । दिव्योपदेशका लेखक स्व. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई स्मरण गर्दै प्रतापसिंह शाह स्व.श्री ५ रणबहादुर शाह स्व. श्री ५ रणबहादुर शाहकी कान्छी महारानी ललित त्रिपुरसुन्दरी, स्व. श्री ५ गीर्वायुद्ध विक्रम शाह, स्व. श्री ५ राजेन्द्र वीर विक्रम शाह, स्व. श्री ५ पृथ्वी वीरविक्रम शाहको समेत साहित्यमा संलग्नता रहेको कुरा उल्लेख छ । म. वि.वि. शाह, रञ्जना शाहबाट नेपाली साहित्यमा दिएको प्रेरणा हौसला एवं स्व. श्री ५ वीरेन्द्रबाट अप्रत्यक्ष रुपमा गरेको योगदानको चर्चा गर्दै चाँदनी शाह उपनामबाट श्री ५ ऐश्वर्यद्वारा सफल कवयित्रीको रुपमा रही उहाँका तेत्तीसवटा गीति कविताहरू प्रकाशित रहेको उल्लेख गरिएको छ । सोहनी उपनामबाट स्व. श्री ५ प्रेक्षा राज्य लक्ष्मीद्वारा मुक्तक शैलीमा कविता रचना भएका स्व. श्री ५ दीपेन्द्रका कविताहरू र यात्रा निबन्धहरू रोचक र ज्ञानवर्द्धक रहेका साथै जी. शाह उपनाम श्री ५ ज्ञानेन्द्र शाहका रचना गीतहरूमा सच्चा राष्ट्रवादी कविको झलक पाइएको कुरा उल्लेख गर्दै जी. शाहद्वारा रचित गीतका अंशहरू प्रस्तुत गर्दै अन्त्यमा साहित्यप्रति राजपरिवारका सदस्यहरूको अगाध स्नेह, ममता र वरदान सावित रहेको कुराको चर्चा गरिएको छ । यी सर्जकहरूबाट देशले युगौ युगसम्म दिशा निर्देश पाउने कुरामा विश्वस्त रहेको कुरा समेत उल्लेख पाइन्छ ।

दोस्रो शीर्षक अन्तर्गत **शाहवंशीय सिर्जनात्मक अभिव्यक्तिमा लोक सम्मति, जन आकांक्षाको स्वर र गीतकार जी. शाह** नामक रचना प्रस्तुत गरिएको छ। यस रचनाको शुरुमा जी. शाहद्वारा रचित कवितांश प्रस्तुत गरिएको छ । देशमा एकताको भावना व्याप्त रहेको जनचाहना र लोक सम्मति अनुसार राजाद्वारा शासन सञ्चालन गर्ने शाहवंशीय परम्पराको चर्चा गर्दै स्व. श्री ५ पृथ्वीनारायण शाहका दिव्योपदेश श्री ५ महेन्द्र, श्री ५ वीरेन्द्र र श्री ५ ज्ञानेन्द्र सरकारबाट भएको वाणीहरूको उल्लेख गर्दै जी. शाहबाट रचना भएका विभिन्न गीतहरूका अंशहरू प्रस्तुत गरिएको छ । जनताका चाहनालाई आदर गर्नु आकांक्षालाई शिरोधार्य गर्नु र लोक सम्मतिको कदर गर्नु सबै जनताको हितका लागि समर्पित हुनु शाहवंशीय परम्परा रहेको कुराको उल्लेख गर्दै अन्त्यमा कवि राजा जी. शाहका सवल नेतृत्व र सक्षम समर्थ लेखनीले लोक सम्मतिलाई प्रश्रय दिएर राष्ट्रिय एकता र जनहितका भावनालाई अझ सुदृढ र वलियो बनाउनेछ भन्ने कुरामा विश्वस्त रहेको भनाइ व्यक्त गरिएको छ ।

तेस्रो शीर्षक **कवि म.वि.वि. शाहका कवितामा राष्ट्रियता राखेर** प्रस्तुत गरिएको छ । यस रचनाको शुरुमा स्व. श्री ५ महेन्द्रबाट व्यक्त गरिएको भनाइ र  कवि म. वि.वि. शाहद्वारा रचित कविताको श्लोक प्रस्तुत गरिएको छ । कवि राजा म.वि.वि. शाहबाट नेपाली जनताको जन - जीवनलाई अत्यन्त नजिकबाट हेरिएको कुरा उल्लेख गरी विभिन्न कविताका श्लोकहरू प्रस्तुत गर्दै कवि म.वि.वि. शाहको परिचय दिएर म.वि.वि. शाहका प्रकाशित कृतिहरू उल्लेख गरिएको छ । कवि म. वि.वि. शाहका कवितामा राष्ट्रियता झल्किएको छ । नेपालीले  परिश्रमिक भएर बाँच्नुपर्ने कुराको चर्चा गर्दै सधैं दुरदर्शी दृष्टिले आफ्नो भव्य र निर्मल भावनालाई प्रभावित पार्नुपर्ने प्रेरणा दिंदै म.वि.वि. शाहले आफ्नो रचना प्रस्तुत गरेको कुरा उल्लेख गरि अन्त्यमा सरल, सहज भाषामा सत्यम् शिवम् सुन्दरमको भावना अभिव्यक्त गर्दै राष्ट्रियताको भावनालाई व्यापकता दिइएको छ । प्रेरणा र प्रोत्साहनका साथै अमर सन्देश दिंदै युग -युगसम्म नेपाली जनतालाई उद्वोधित गरिरहनेछ भन्ने कुरा व्यक्त गरिएको छ ।

चौथो शीर्षक **नेपाली साहित्य क्षेत्रमा राजमहिषी सरकारहरूको योगदान** नामक रचना प्रस्तुत गरिएको छ । राष्ट्रियताको विकासमा भाषा, साहित्य, कला र संस्कृतिको महत्वपूर्ण भूमिका शाहवंशीय राजपरम्पराबाट रहँदै आएको छ भन्ने भावनाबाट शुरु भएको यस रचनामा स्व. श्री ५ वीरेन्द्रको भनाइलाई उल्लेख गरिएको छ । शाहवंशीय राजाहरूले देश निर्माण, विकास र राष्ट्रिय एकताका लागि प्रसंशनीय कार्य गरेको पाइन्छ । राजपरिवारका राजा रानी तथा अन्य सदस्यहरू सिर्जना गर्नमा प्रत्यक्ष रुपमा सहभागी भएको पाइन्छ । स्व.श्री ५ वडामहाराधिराज पृथ्वीनारायण शाहको **दिव्योपदेश** नेपाली गद्य साहित्यको प्रथम रचना मानिएको छ । त्यस्तै स्व. रण ब. शाहकी कान्छी महारानी ललित त्रिपुरासुन्दरी स्व. श्री ५ गीर्वाणयुद्ध विक्रम शाह, स्व. श्री ५ राजेन्द्र वीर विक्रम शाह स्व. श्री ५ पृथ्वी वीरविक्रम शाह आदिले नेपाली साहित्यको क्षेत्रमा योगदान गरेको पाइन्छ भन्ने कुरा व्यक्त गर्दै म.वि.वि. शाह (श्री ५ महेन्द्र) ले असल कविको रुपमा प्रेरणादायी भूमिका र स्व. श्री ५ वीरेन्द्रबाट नेपाली साहित्यको संरक्षण र सम्बर्द्धन एवं विकास गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै अन्य साहित्यिक स्रष्टा रञ्जना शाह, चाँदनी शाह, सोहनी शाह, दीपेन्द्रशाह आदिको उल्लेख गरेको

पाइन्छ । विभिन्न कविताको श्लोकहरूलाई उद्दृत गर्दै राजमहिषीहरूको चर्चा गर्दै कवयित्री चाँदनी शाहका काव्य साधनालाई विभिन्न भागमा विभक्त गरिएको छ ।

१) दाम्पत्य प्रेम

२) वात्सल्य प्रेम

३) प्रकृति प्रेम

४) धर्म र संस्कृतिप्रति प्रेम

५) आध्यामिक दार्शनिक चिन्तन र

६) मानव प्रेम

राजमहिषीहरू उच्च आसनमा रहेर पनि सशक्त लेखनीबाट देशवासीका विवशता, पीडा,  सजीव र सफल छन् र ती मन, वचन एवं कर्मले देश उत्थानमा लागेका छन् भनिएको छ । अन्त्यमा नेपाली भाषा साहित्यको सिर्जना, त्यसको विकास विस्तार एवं सम्बर्द्धनमा शाहवंशीय राजमहिषी स्रष्टाहरूको महत्वपूर्ण भूमिका रहेको कुराको उल्लेख गरिएको छ ।

पाँचौ शीर्षक **स्व. श्री ५ वीरेन्द्र र साहित्य** नामक रचना प्रस्तुत गरिएको छ । उक्त रचनामा नेपाल र नेपालीको भविष्य उज्जवल पार्ने हेतु दिन -रात उत्सर्गशील स्व. श्री ५ वीरेन्द्र देशको चौतर्फी विकास गर्ने नेपाली साहित्यको संरक्षण र सम्बर्द्धनका लागि प्रत्यत्नशील भएको कुराबाट शुरु  गरिएको छ । साहित्यको विकास नभएमा देश विकास सम्भव नभएको धारणा स्व. श्री ५ वीरेन्द्रबाट प्राप्त भएका कुराको उल्लेख गर्दै उहाँको सन्देश समेत उल्लेख गरिएको छ । समय समयमा विभिन्न कार्यक्रम तथा सम्मेलनमा समेत मौसुफबाट साहित्यकारहरूलाई जीवनोपयोगी युगसापेक्ष साहित्यको सृजनाका लागि प्रेरणाप्रद रुपमा आह्वान गरिएको पनि उल्लेख गरिएको छ । मेचीदेखि महाकाली र पहाडदेखि तराईसम्मको नेपालीहरूलाई एकतावद्ध गर्ने दायित्व साहित्यकारले वहन गर्नुपर्ने आजको युगको माग हो, भन्ने सन्देश दिँदैछ । श्री ५ वीरेन्द्रबाट नेपाली साहित्यकारहरूलाई **पृथ्वी प्रज्ञा पुरस्कार** र **महेन्द्र प्रज्ञा पुरस्कार** जस्ता पुरस्कारहरू प्रदान गरेर संरक्षकत्व र उल्लेखनीय योगदानले युग - युगसम्म

प्रेरणा प्रदान गरिरहनेछ वा दिशा निर्देश गर्नका लागि रहनेछ भन्दै स्व. श्री ५ वीरेन्द्रका महान् आत्मामा हार्दिक श्रद्धाञ्जलि अर्पण गरिएको कुरा दर्शाइएको छ ।

छैटौं शीर्षक अन्तर्गत **राष्ट्रिय जन जागरण कवयित्री चाँदनी शाह** नामक रचना प्रस्तुत गरिएको छ । त्यसो त नेपाली काव्यको राष्ट्रिय भावनाको सम्बन्ध कुनै न कुनै रुपमा आदि कालदेखि नै चलिआएको छ भन्ने अनुच्छेदबाट शुरु भएको छ । कवयित्री चाँदनी शाहको कविताहरूमा राष्ट्रिय चेतनाको सबै आयाम प्राय : सफलताका साथ चित्रित भएको पाइन्छ । कवयित्री चाँदनी शाहले जनताको हृदयको स्पन्दनलाई छुदै युगको आत्मालाई सही अभिव्यक्ति प्रदान गरेको कुरा चर्चा गर्दै कवयित्रीबाट नवोत्थान र नवजागरणको सन्देश दिंदै सांस्कृतिक भौगोलिक एकताको अमर शंखनाद गर्नु भएको छ भन्ने कुरा उल्लेख गरिएको छ । कवयित्री चाँदनी शाहद्वारा रचित विभिन्न कविताका अनुकरणीय श्लोकहरू प्रस्तुत गर्दै अन्त्यमा राष्ट्रको उत्थान र अन्तराष्ट्रिय जगत्मा शान्तिका अमर शंखनाद फुक्नका लागि आफ्नो हृदय सम्राटलाई जुन प्रेरणाप्रद उत्साह प्रदान भएको छ त्यो नेपाली साहित्यमा अमूल्यनिधि भएर रहनेछ भनिएको छ ।

सातौं शीर्षक **युग चेतनाकी चाँदनी शाह** नामक रचना प्रस्तुत छ । समाज राष्ट्र र विश्वको सेवा गर्ने दृढ भावना राखी उपयोगी र जिवनोन्मुखी रचनाहरूको माध्यमबाट हामीलाई प्रेरणा र हौसला प्रदान गर्ने कवयित्री चाँदनी शाहलाई राष्ट्रले गुमाउनु परेको विचार व्यक्त यस रचनाको शुरुवात भएको छ । हिन्दु धर्मको संस्कारलाई अगाल्दै आफ्ना भावनाहरू व्यक्त गर्दै उकाली, ओराली, डाँडा - काँडा, पाखा पखेरा, लेक- बेंसी तराई-पहाड जहाँ पनि सुख दुखमा सहभागी हुँदै राष्ट्रवादी भावना कवयित्री चाँदनी शाहको लेखनीबाट अभिव्यक्त भएको छ भन्दै कविताका श्लोकलाई समेत प्रस्तुत गरिएको छ । कवयित्री चाँदनी शाहको २०५८ जेष्ठ १९ गतेको कालरात्रीले शरीर विनष्ट गरेता पनि साहित्यिक व्यक्तित्व नमरेको कुरा उल्लेख गरिएको छ । आफ्नो धर्म र संस्कृति अनुसार नारीका महिमामय प्राचीन आदर्श प्रवृत्तिहरूलाई चित्रित गरेर तीन दशकसम्मका काव्य साधना नेपाली साहित्यकाशमा मौलिक र विशिष्ट स्थान ओगट्न सफल छन् । काव्यात्मकताले परिपूर्ण सरल र सरस भाषाशैली एवं परिपक्व शैलीको समेत प्रयोग गरिएका कवितामा चेतना र जागरण वोध

गराउँछन् भनिएको छ । चाँदनी शाहका काव्य साधनालाई बेग्लाबेग्लै धारामा विभक्त पनि गरिएको छ । विभिन्न श्लोकहरूको समायोजन गर्दै अन्त्यमा चाँदनी शाह एउटा मानववादी र युग चिन्तक कवयित्रीको रुपमा स्पष्ट देखा परेर, जीवनप्रति सन्देश दिने कुरामा प्रयत्नशील रहनु भयो भन्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जलि दिइएको छ ।

आठौं शीर्षक अन्तर्गत **चाँदनी शाहका कविताहरूमा हिन्दु नारी** रचना प्रस्तुत गरिएको छ । सृष्टि निर्माणका लागि ईश्वरले पुरुष र नारीको निर्माण गरेका छन् । हिन्दु धर्म अनुसार दायावायाँ विभाजित गर्‍यो दायाँ भाग पति र वायाँ भाग पत्नीका रुपमा जसबाट नै सृष्टिको निर्माण कार्य शुरु भयो भन्ने प्रसंगबाट यस रचनाको शुरुवात भएको छ । हिन्दु धर्मले नारीलाई परिवारको एक विशिष्ट अंगका रुपमा लिएको छ । चाँदनी शाह सदियौदेखि नारी साहित्यको प्रेरणादायी शक्तिका रुपमा चित्रित हुँदै आएकी छिन् भन्ने नारीको विषयमा उल्लेख गरिएका चाँदनी शाहका कविताहरूका छोटा छोटा श्लोकहरूको समेत उल्लेख गर्दै समग्रमा चाँदनी शाहका कविताबाट हिन्दु धर्म संस्कृतिको मान्यता अनुरुप नारी स्वरुपलाई चित्रण गरेको कुरा उल्लेख गरिएको छ । अन्त्यमा सामाजिक सेवा, राष्ट्रिय सेवा र साहित्यिक सेवाबाट कवयित्री चाँदनी शाहले प्रेम, शान्ति, सेवा, उदारता, सहिष्णुता, सौहार्दता आदि भावनाबाट हिन्दु धर्म संस्कृतिप्रति आस्था र विश्वास प्रकट गरेको र यी महान् भावनाहरूलाई शान्ति प्रेमी देशवासीहरूले युगौयुगसम्म श्रद्धापूर्वक स्मरण गरेर प्रेरणा हासिल गर्नेछन् भनिएको छ ।

नवौ शीर्षक **"आमा भएर बाँडी हेर ...................." एक सिंहावलोकन** नामक रचनामा साहित्य समाजको हरेक क्षेत्रसँग सम्बन्धित हुन्छ । समाज साहित्यको कार्यशाला हो भने साहित्य मानवको चिन्तन हो भनि शुरु गरिएको छ र पाश्चात्य विद्वान श्री वर्स फोल्डको साहित्य सम्बन्धी धारणा व्यक्त गरिएको छ । युगको माग अनुरुप जनमानसलाई प्रबन्ध गर्ने दिशामा कवयित्री चाँदनी शाहको आमा भएर बाँडी हेर कविताले साहित्य जगत्लाई चुनौती दिन्छ वा विषमत र कुरुपताप्रति तीव्र प्रहार गर्छ र सधैं समाजलाई निर्माण गर्न पथ प्रदर्शन गरोस् भनिएको छ । आमाको विशाल हृदयको स्पर्श कवयित्री शाहको यस कविताले बडो सुक्ष्मताले गरेको पाइन्छ । आमा

सधैं आफ्ना सन्तानलाई सुखी र समान हेर्न चाहन्छिन् समन्वय कवयित्री जसले समाजको असमानता विरुद्ध सामाजिक क्रान्तिको आवश्यकता महसुस गरी देश निर्माणप्रति संकल्पित होस् भनिएको छ र कवयित्रीका विभिन्न कविताका श्लोकहरू समावेश गरी उक्त कविताहरूमा भाषा सरल, सरस र मर्मस्पर्शी ढंगले दिइएको कुराको उल्लेख गर्दै अन्त्यमा जीवनप्रति आस्थावान  कवयित्रीले हामीलाई कर्मका जुन प्रेरणाप्रद सन्देश दिनु भएको छ, त्यो अत्यन्त नै सराहनीय र अनुकरणीय छ एवं नेपाली साहित्यको अमर निधि भएर रहनेछ भनिएको छ।

दशौं शीर्षक **चाँदनी शाहका कविता एक दृष्टि** नामक रचना प्रस्तुत गरिएको छ। यस रचनाको शुरुवात समीक्षा पुस्तक **"चाँदनी शाहका कविता"** नेपाली साहित्यको सुप्रसिद्ध गीति कवयित्री चाँदनी शाहका २३ कविताहरूको संकलन हो भन्नेबाट भएको छ। कवयित्रीका यी भावपूर्ण र गीतहरूको सरसता एवं सरलतालाई अन्तर्राष्ट्रिय क्षेत्रमा पनि परिचित गराउने उद्देश्यले डा. तारानाथ शर्माले परिश्रमकासाथ अनुवाद गर्नु भएको छ। प्रथम सार्क सम्मेलनको अवसरमा प्रकाशित **पोएम अफ साउथ एशिया** नामक पुस्तकमा समाविष्ट कवयित्री चाँदनी शाहका एउटै कविता अन्तर्राष्ट्रिय स्तरमा पर्याप्त कौतुहल एवं प्रसिद्ध बन्यो भन्दै कवयित्री शाहका कविताका श्लोकहरू दिइएको छ। कवयित्री शाह नेपाली साहित्यको इतिहासमा समसामयिक धाराको सशक्त कवि भएको कुराको उल्लेख गर्दै प्रेरणा सहभागिता र समर्पण यही नेपाली नारीको संस्कृति हो र यसै संस्कृतिलाई कवयित्रीले आफ्नो जीवनको मूल मन्त्र मानेको कुरा व्यक्त गरिएको छ। नेपाली र अंग्रेजी अनुवादका श्लोकहरू प्रस्तुत गर्दै यस रचनाको अन्त्यमा यो भन्न अतिशयोक्ति हुँदैन संवेदनात्मकता तथा भावनात्मकताले भरिएका यी उत्कृष्ट कविताहरूका अनुवादमा डा. तारानाथ शर्माको शब्द चयन अत्यन्त सशक्त र प्रवाहपूर्ण छ भनिएको छ।

एघारौं शीर्षक गीतकार **जी. शाहका जीवनदर्शन** नामक राखिएको छ। यस रचनाको गीतका श्लोकबाट शुरुवात गरिएको छ। गीतकार जी. शाहको जीवन दर्शन अत्यन्त व्यापक रहेको कुरा उल्लेख गर्दै उहाँ पूर्वीय र पाश्चात्य अनेक  दर्शनबाट प्रभावित हुनु भएको छ। वेद, पुराण, उपनिपद वा संस्कृत वाङ्मयका साथै अनेक

पाश्चात्य दर्शनबाट प्रभावित भएको कुरा उल्लेख गर्दै गीतकार जी. शाह आशावादी गीतकार भएको र उहाँको साना - साना टुक्रा श्लोकहरू दिँदै कविमा जीवन दर्शन अत्यन्तै व्यापक रहेको कुराको उल्लेख गर्दै ती गीतहरूमा कर्म गर्ने प्रेरणापद सन्देश पाइन्छ भनिएको छ र अन्त्यमा उहाँको अनुभूतिप्रतिको इमान्दारिता सराहनीय छ, प्रखर चिन्तन शक्ति, गहन जीवन-दर्शन, सूक्ष्म अर्न्तदृष्टि र सशक्त अभिव्यक्ति क्षमता नेपाली साहित्यका गीति जगत्का लागि वरदान हुन् भन्दै गीतकार जी शाहको दीर्घायु, सुकीर्ति, सुस्वास्थ्य, समुज्वल र साहित्य यात्रामा उत्तरोत्तर प्रगति एवं सफलताका लागि मंगलमय शुभकामना अर्पण गरिएको छ ।

बाह्रौ शीर्षक **नेपाली साहित्यकाशका प्रतिष्ठित गीतकार जी. शाह.** रचना राखिएको छ । जुन रचनामा नेपाली साहित्यको गीति विधाका वरिष्ट गीतकार जी. शाहले एउटा असल साहित्यकारको रुपमा आफ्नो दायित्व निर्वाह गरेर नेपाली साहित्यको विकासमा योगदान दिनु भएको छ भन्दै गीतका श्लोकहरू प्रस्तुत गर्दै राजाको रुपमा तत्कालिन श्री ५ ज्ञानेन्द्र सरकार (साहित्यिक उपनाम जी. शाह) ले नेपाल र नेपालीप्रति दिएका सन्देश प्रस्तुत गरिएको छ । युवाहरू देशका भावी कर्णधार र देश निर्माता हुन् भन्दै दृढ संकल्प र समर्पित हुनका लागि कविद्वारा युवावर्गलाई आह्वान गर्ने किसिमका गीतका श्लोकहरू दिंदै जी शाहका गीतमा अभिव्यक्त गरिएको छ । प्रकृतिप्रेमी कविको रुपमा लिदैं समग्रमा जी. शाहलाई राष्ट्रवादी, जीवनवादी, कर्मवादी, आस्थावादी कविका रुपमा लिदैं अन्त्यमा कवि - गीतकार जी. शाहको सृजनशीलता अझ जीवयोपयोगी र फलदायी होस् भन्दै साहित्य यात्रामा अपूर्व सफलताका लागि मंगलमय शुभकामना अर्पण गरिएको छ ।

तेह्रौ शीर्षक अन्तर्गत **जी. शाहका गीतमा राष्ट्रिय चेतना** नामक लेख रचना प्रस्तुत गरिएको छ । यस रचनामा राष्ट्रको गौरव गान, जातिय स्वाभिमान र महिमामय गौरवको वर्णनका साथै देश निर्माण र देश -विकासको उच्चाकांक्षा, आफ्नो सभ्यता संस्कृतिको सम्बर्द्धनका लागि आह्वान र देशोत्थानका  लागि प्रेरणा एवं उत्साह प्रदान गरेर राष्ट्रिय हित र महत्वका कुरालाई भावनात्मक अभिव्यक्ति दिँदै विश्व कवि वाइरनको भनाइ प्रस्तुत गरिएको छ । कवि म.वि. वि. शाहले नेपालप्रति गरेको राष्ट्रिय

भावनाका साथै नेपालको गरिमालाई वखान गरिएको छ भन्दै सुयोग्य पीताका सुयोग्य पुत्रका रुपमा जी. शाहलाई लिंदै राष्ट्रका लागि प्रेरणादायी राष्ट्रिय गीतहरू कवि हृदयमा अन्तस्तलबाट प्रेरणाका स्रोतका रुपमा रहेका छन् । नेपाली आमालाई रक्षा गर्ने युवाहरू देशका भावी कर्णधार हुन् र देशका शक्ति नै युवा रहेको भन्दै गीतका श्लोकहरू प्रस्तुत गरिएको छ । समग्रमा कवि जी. शाह राष्ट्रवादी, जीवनवादी, कर्मवादी, आस्थावादी कवि भएको उल्लेख गर्दै अन्त्यमा सम्पूर्ण साहित्यिक वर्गमा र देशवासीमा यी गीतहरू प्रेरणाका अक्षय स्रोत भएर सधैं उत्साह र प्रोत्साहन प्रदान गरी रहनेछन्, भन्ने कुरामा विश्वस्त रहेको कुरा व्यक्त गरिएको छ ।

चौधौ शीर्षक अन्तर्गत **गीतकार जी-शाहका गीतमा प्रेमको उदात्तता र व्यापकता** नामक रचना प्रस्तुत गरिएको छ । प्रेम सृष्टिको प्रेरणा र जगतका सञ्चालक शक्ति हो । प्रेम जीवनको वृत्ति हो । परमात्मा प्रेममय छ र प्रेमले नै निर्मित भएको मनुष्यको आत्मा शाश्वत वृत्ति प्रेमलाई गीतकार जी. शाहले आफ्ना गीतहरूमा गम्भीर अन्तरमुखी, मार्मिक, तीव्र समवेदनात्मक अभिव्यक्ति दिएको कुरा चर्चा गर्दै कविका गीतका श्लोक प्रस्तुत गरी गीतकार शाहका गीतहरूमा प्रेम भावना व्यापक परिधिमा नारी प्रेम, प्रकृतिप्रेम, ईश्वरप्रेम आदि अँगाल्दै मानव प्रेमलाई समेटेको पाइन्छ । आफ्ना लगभग ६१ गीतहरूमा प्रेमका विविध पक्ष लिएर प्रेमका विराट र अन्य स्वरुप हामी समक्ष राखिएको छ भन्दै अन्त्यमा प्रेमको यो विराट आदर्शमय स्वरुप जी. शाहका गीतहरूमा अझ जीवनोपयोगी र प्रेरणादायी भएर हामीमा एकता, समानता र विश्ववन्धुत्वका भावनालाई प्रश्रय दिन सकोस भन्ने आकांक्षा राखिएको छ ।

पन्ध्रौ शीर्षक अन्तर्गत **जी. शाहका गीतमा मानवतावादी भावना** नामक रचना प्रस्तुत गरिएको छ । यस रचनामा आजको संक्रान्ति कालमा साहित्य स्रष्टाहरूको पुनीत कर्तव्य भनेको मानव जीवनका दिग्व्यापी स्रष्टाहरूबाट मानवलाई मुक्ति दिलाओस् र युग युगबाट निश्चेष्ट, निष्कृय मानव हृदयमा पारस्परिक प्रेम र सौआरदतालाई भावना जगाएर विश्व -प्रति र मानव प्रेमको प्रतिष्ठा रहोस् भन्ने प्रसङ्ग प्रस्तुत गरिएको छ । संस्कृत र अंग्रेजी साहित्यका प्रभावले प्रभावित हुँदै जी. शाहका

मावतावादी भावना विस्तार भएको  हो भन्दै विभिन्न श्लोकहरू समायोजन गर्दै गीतका विभिन्न पक्षहरू छुट्याइएको छ ।

१) राष्ट्रिय प्रेम

२) प्रकृति प्रेम

३) प्रेम वर्णन

४) नारी प्रति स्वस्थ दृष्टिकोण

५) दार्शनिक र आध्यात्मिक चिन्तन तथा

६) मानवतावाद

अन्त्यमा सरल, सहज एवं सरस भाषाशैलीमा मानवतावादका अमर र फलदायी सन्देश दिएर कविले आफ्नो कर्तव्य वोधलाई पूर्णता प्रदान गरी  हामीलाई एकतावद्ध भएर स्वर्णिम मानव समाजको सृजना गर्नका लागि उत्प्रेरित गरिएको छ भन्दै साहित्ययात्रामा अपूर्व सफलताका लागि मंगलमय शुभकामना व्यक्त गरिएको छ ।

सौह्रौ तथा अन्तिम शीर्षक **चाँदनी शाहका कवितामा मानवतावाद** राखिएको छ । सुप्रतिष्ठित कवयित्री चाँदनी शाहका रचनाहरूले नेपाली साहित्यकाशमा मौलिक र विशिष्ट स्थान राखेको कुरा प्रस्तुत गरिएको छ । काव्यात्मकताले भरिपूर्ण परिपक्व शैलीको  उल्लेख गर्दै कवयित्री चाँदनी शाहका काव्यसाधनालाई दाम्पत्य प्रेम, वात्सल्य प्रेम, प्रकृति प्रेम देश -प्रेम मानवप्रेम र आध्यामिक वा दार्शनिक चिन्तन जस्ता धारामा विभाजित गरिएको कुरा दर्शाइएको छ । नेपाली मार्मिक व्यथा, समस्या र विवशताहरूलाई अत्यन्त नै सजीव ढंगले प्रस्तुत गर्दै विभिन्न श्लोकहरू प्रस्तुत गरिएको छ । कवयित्री चाँदनी शाहलाई एउटा मानववादी र युग चिन्तक कवयित्रीका रुपमा देखाउँदै अन्त्यमा कवयित्रीको जीवन- दर्शन मानववादी छ । कवयित्रीका कविताहरू जीवनप्रति आशा र आस्था दर्शाउँछन् र हामीलाई प्रेरणाप्रद सन्देश दिन्छन् । समाज, राष्ट्र र विश्वको सेवा गर्ने ढृढ भावना राखेर उपयोगी रचनाको माध्यमबाट प्रेरणा र हौसला प्रदान गरिने कवयित्री चाँदनी शाहका साहित्यिक व्यक्तित्व हामी सबैका लागि अनुकरणीय उदाहरण बनेका छन् भनि चर्चा गरिएको छ ।

### ५.२.३ भाषाशैली

उषा ठाकुरद्वारा लिखित **नेपाली साहित्यको श्रीवृद्धिमा शाहवंशीय स्रष्टाहरूको योगदान** नामक समालोचना कृतिमा सोह्र ओटा समालोचनात्मक लेख प्रस्तुत गरिएको छ । रचनाहरूमा कविता तथा गीतका केही श्लोकहरूको प्रयोग गरिएको छ र उक्त श्लोकहरूमा केही कठिन शब्दहरू प्रयोग गरिएको भए तापनि समालोचकले समालोचना कृतिमा भाषिक सरलता दिँदै सरल र सहज भाषाशैलीको प्रयोग गर्दै व्याख्यात्मक र विश्लेषणात्मक शैलीको प्रयोग गरिएको छ ।

### ५.२.४ निष्कर्ष

उषा ठाकुरद्वारा लिखित **नेपाली साहित्यको श्री वृद्धिमा शाहवंशीय स्रष्टाहरूको योगदान** नामक समालोचना कृतिमा सोह्र ओटा अनुसन्धानमूलक लेखहरू समावेश गरिएको छ यस कृतिमा नेपाली वाङ्मयको श्री वृद्धिमा शाहवंशीय स्रष्टाहरूको महत्वपूर्ण र प्रशंसनीय भूमिका रहेको छ, भन्दै विश्लेषण गरिएको छ । शाहवंशीय स्रष्ट्राहरू कवि म. वि.वि. शाह, कवयित्री रञ्जना शाह, कवयित्री चाँदनी शाह, गीतकार जी. शाह र कवयित्री सोहनी शाहको कलमले नेपाली साहित्यको विकासमा योगदान र भूमिकालाई उजागर गर्दै लगेको र स्रष्टाका कविताहरूमा देशप्रेम जाति, भाषा धर्म, संस्कृति, साहित्यप्रति मोह आदि विषयवस्तुलाई समालोचना कृतिमा समावेश गरिएको छ ।

## ५.३ मरुभूमिको काँडा : बिम्ब प्रतिबिम्ब

**मरुभूमिको काँडा : बिम्ब प्रतिबिम्ब** नामक समालोचना कृति सर्वप्रथम २०५९ सालमा प्रकाशित उषा ठाकुरद्वारा सम्पादित समालोचना सङ्ग्रह हो । यस समालोचनात्मक सङ्ग्रहमा केशरी बज्राचार्यद्वारा लिखित कविता सङ्ग्रह **मरुभूमिको काँडाका** बारेमा ३५ जना साहित्यकारका समीक्षात्मक लेखलाई समेटेर जम्मा १४० पृष्ठ प्रस्तुत गरिएको छ । त्यसैगरी विभिन्न पत्रपत्रिकाहरू (गोरखापत्र, जनसत्ता आदि) मा समेत प्रकाशित भएका विचारहरूलाई समेटेर राखिएको छ । यस पुस्तकको प्रकाशक प्रतिनिधि प्रकाशन, काठमाडौं रहेको छ । २०५९/सन् २००२ मा प्रकाशन

भएको कृतिको नै यहाँ विश्लेषण गरिएको छ । यो कृतिलाई नीलो, पहेलो, हरियो, रातो जस्ता भिन्न रङ प्रयोग गरी आवरण तयार गरिएको छ । जुन पुस्तकमा १४५ पृष्ठ रहेको छ भने १२ पृष्ठमा यस सङ्ग्रहका बारेमा सञ्चालित कार्यक्रमका फोटाहरू राखिएको छ । विषयवस्तु पृष्ठ भन्दा अगाडि वा विषयसूचीभन्दा पछाडिको १ पेजमा केशरी बज्राचार्यले प्रदान गरेको कृतज्ञतालाई समेटिएको छ ।

यसरी यस पुस्तकले केशरीप्रतिको साहित्यिक मोह र उनका साहित्यिक प्रतिभाप्रति सम्मान गरेको छ । २०२० देखि साहित्यको लेखन कार्य शुरु गर्नुभएकी केशरीको **मरुभूमिको काँडा** बारेमा विद्वान वर्गद्वारा खोजपूर्ण ढंगले अभिव्यक्ति गरिएको समालोचनात्मक कृतिको रुपमा लिदै उषा ठाकुरले आफ्नो सम्पादकीयमा भनेकी छन् । कविताको रुपमा केशरी ज्यूका आँशु झरेको छ - **मरुभूमिको काँडाको** रुपमा । यो **मरुभूमिको काँडा** उहाँको व्यक्तिगत दुःख र पीडाको प्रतीक हो जसमा नेपालका गाउँ, तराइ, पहाड, सम्पूर्ण नेपाल र मानवताको कथा व्यथाले वाणी पाएको छ भन्दै उषा ठाकुरद्वारा **नारी सुलभ व्यथा र अनुभूति मरुभूमिको काँडा** शीर्षक समालोचनात्मक रचना प्रस्तुत गरिएको छ ।

उक्त रचनामा प्रेम जीवनको शाश्वत् वृत्ति हो । त्यसै शाश्वत् वृत्ति प्रेमका विविध रुपलाई कवयित्री केशरीले आफ्नो मरुभूमिको कविताहरूमा अत्यन्त गम्भीर, अन्तर्मुखी र तीव्र समवेदनात्मक अभिव्यक्ति दिइएको छ । वास्तवमा पीडा र वेदनाको वोध नै उनका काव्यका मूल केन्द्रविन्दु हुन् । वेदना नै उनको सिर्जनाको प्रेरणा स्रोत हो भनिएको छ । विरह व्यथाले कवयित्रीका जीवनलाई क्षत - विक्षत पारिदिन्छ तर एउटा आदर्श नारीको प्रेममा व्यापकता हुन्छ, प्रेममा धोका र अविश्वास पाएर पनि उ आफ्नो प्रेमीको मंगल चाहन्छे र भोलिका सुखको प्रतिक्षामा रहन्छे भन्दै यस समालोचनामा नारी हृदयमा सुकोमलता, संवेदनशीलता र मार्मिकता एंव प्रेमका उदात्त स्वरुप सर्वत्र अभिव्यक्त भएको पाइन्छ । केशरीको यस कृतिमा विश्वप्रेम र मानवतालाई समेत समेटिएको छ । जसमा प्रेम करुणा भन्दै रचनाको अन्त्यमा हृदयका आस्था र विश्वास असल रहोस् धैर्य अझ सवल होस् निरन्तरताले यस्तै साथ देओस् र प्रेरणादायी कृति हामी उहाँबाट पाउने छौ भन्दै सफल जीवनका लागि शुभकामना दिइएको छ ।

यसरी यस कृतिमा केशरीले गरेको साहित्यिक रचना वा प्रतिभाका बारेमा उचित सम्मान गर्दै नेपालका प्रसिद्ध समालोचक र साहित्यकारद्वारा एक सृजनशील नारी प्रतिभा र उहाँको योगदानका बारेमा चर्चा गरिएको छ ।

## ५.४ कवितामा भानु

**कवितामा भानु** नामक कविता सङ्ग्रहले भानुभक्त आचार्यको द्विशतवार्षिकी समारोहमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आयोजना गरेको कविता महोत्सवमा उत्कृष्ट कविताका रुपमा छनोट भई भानुभक्त काव्य पुरस्कार प्राप्त गरेको थियो । यस कविता सङ्ग्रहको सम्पादन गर्ने काम उषा ठाकुरबाट भएको हो । नइ प्रकाशनबाट प्रकाशित यस कृतिमा २४ जना कविहरूका २४ ओटा कविताहरू समावेश गरिएको छ ।

यस कविता सङ्ग्रहमा संग्रहित कवितामा देशप्रेमले भरिएका कविताहरू पाइन्छन् भने सम्पूर्ण देशवासीहरूलाई एकताको सूत्रमा बाँध्न प्रयत्न गरिएको छ । आर्थिक, सामाजिक राजनैतिक अवस्थाको चित्रण गर्दै देशका युवा जगत जो विभिन्न कारण र बाध्यतावश वैदेशिक रोजगारमा जानुपर्ने बाध्यता छ, त्यस्ता प्रकारका बाध्यतालाई उजागर गर्न खोजिएको छ । प्रकृतिको चित्रण आमाप्रतिको श्रद्धा र माया, मानवतावाद, विश्वन्धुत्व, व्यक्ति र समाजका विकृति र विसङ्गति, देशले भोग्नुपरेका समस्या आदिलाई मार्मिक ढंगले यस पुस्तकमा समेटेर व्यक्त गरिएको पाइन्छ ।

## ५.५ पन्त काव्यको सामाजिक भूमिका

सन् १९९५ मा पटनाबाट प्रकाशित शोधपरक समिक्षात्मक पुस्तक **पन्त काव्यको सामाजिक भूमिका** मा ८ अध्याय रहेका छन् । यस पुस्तकको प्रथम अध्यायमा साहित्यको सिर्जनात्मक प्रक्रिया र सामाजिक चेतनाको परिभाषा दिइएको छ । आधुनिक हिन्दी साहित्यमा विभिन्न समयमा व्यक्त गरिएका सामाजिक चेतनाको भावना छोटकरीमा व्यक्त गरिएको छ । त्यसैगरी पछाडिको अध्यायमा सामाजिकता र साहित्यको तुलानात्मक अध्ययन एवं कविताको कालक्रमिक विवरण प्रस्तुत गरिएको छ । युगकवि पन्तको कवितामा रहेका परम्परागत रुपमा रहेका विद्रोह, आग्रह,

नवीनता, नारीप्रति स्वस्थ दृष्टिकोण, शोषक र शोषित वर्गको चित्रण, राष्ट्रिय भावनामा विकास, मानवतावादी दृष्टि र दार्शनिक चिन्तनका बारेमा अभिव्यक्ति दिइएको छ ।

## ५.६ हिन्दी और नेपाली साहित्य के प्रतिनिधि हस्ताक्षर

सन् १९९८मा वाणी प्रकाशन नयाँ दिल्लीबाट प्रकाशित **हिन्दी और नेपाली साहित्यके प्रतिनिधि हस्ताक्षर** नामक समीक्षा सङ्ग्रहमा नेपाली र हिन्दी दुई साहित्यका साहित्यकारका बारेमा दृष्टिकोण राख्दै तटस्थतासाथ विश्लेषण गरिएको छ । यसमा मानवतावादी साहित्यकारका नजिक समयले वा परिस्थितिले प्रभाव पारिरहेको हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ । तीन खण्डमा विभाजित यस रचनामा हिन्दी साहित्यकारका काव्य विशिष्टताका साथै आधुनिक चरणका हिन्दी काव्य साधनाका सामाजिक चेतनाको विश्लेषण गरिएको छ । कवि विद्यापति, साकेत, प्रेमचन्द्र पन्त, निरालाका काव्य विशिष्टता र महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनदर्शन, कवि व्यथितको काव्यरचना र समालोचकीय दृष्टि प्रस्तुत गरी अध्ययन गरिएको छ । हिन्दी साहित्यका कवि सुमित्रानन्दन पन्त र नेपाली कवि लक्ष्मीप्रसाद देवकोटाको तुलानात्मक अध्ययन, नेपाली साहित्यकी कवयित्री छिन्नलताको रचनामा रहेको प्रेम र विरह एवं वेदना आदिको चित्रण प्रस्तुत गरिएको छ भने तृतीय खण्डमा उषा ठाकुरद्वारा **नेपाल मे हिन्दी** नामक सन्दर्भ दिइएको छ ।

यसरी यस कृतिमा दुई भाषा (नेपाली र हिन्दी) का साहित्यकारका बारेमा लेख्दै दुई भाषा बीचमा निकटता स्थापित गर्न खोजिएको छ । उषा ठाकुरले यस पुस्तकमा कुनै प्रकारको पक्षपात नगरी समालोचना प्रस्तुत गरेको पाइन्छ ।

## ५.७ मरुभूमिका काँटा

२०६० मा प्रकाशित र उषा ठाकुरद्वारा अनुदित **मरुभूमिका काँटा** नामक कृति नेपाली साहित्यिक व्यक्तित्व केशरी वज्राचार्यद्वारा संग्रहित कृति हो । यस कृतिमा नारी मनका पीडा र वेदनालाई पहिल्याउँदै समाजिक चित्रण गरिएको छ । करुणा र शान्तिप्रति विशेष आस्था र निष्ठा व्यक्त गर्दै विश्ववन्धुत्वको सन्देश दिदै प्रेम, करुणा, सहिष्णुता र मैत्री स्थापना हुने कुरामा विश्वास राख्दै सुमधुर समाजको परिकल्पना

गरिएको छ । उषा ठाकुरले नेपाली र हिन्दी साहित्यको हिन्दी अनुवाद गरी कवयित्री केशरी बज्राचार्यका कवितामा रहेका भावनाहरू उजागर गर्न प्रयत्न गरेको पाइन्छ ।

### ५.८ युगकवि सिद्धिचरण श्रेष्ठको काव्य साधना :

२०६८ सालमा युगकवि सिद्धिचरण श्रेष्ठको शतवार्षिकी उत्सवका अवसरमा वी.पी. कोइराला भारत-नेपाल प्रतिष्ठान भारतीय राजदुतावासको सौजन्यमा प्रकाशित युगकवि सिद्धिचरण श्रेष्ठको यस रचनाको पहिलो र दोश्रो अध्यायमा कवि सिद्धिचरण श्रेष्ठको व्यक्तित्व र जीवनीको चर्चा पाइन्छ । तेस्रो अध्यायमा जीवन दर्शन र चौथो अध्यायमा उनको काव्यमा रहेको स्वच्छन्दतावादका बारेमा चर्चा र समीक्षा प्रस्तुत गरिएको छ । पाँचौ अध्यायमा युगकवि श्रेष्ठको काव्यमा रहेको राष्ट्रिय भावना एवं समाजमा रहेका दीनदुःखी, शोषित पिडितप्रति सहानुभूति व्यक्त गर्दै समाजमा व्याप्त नारी चेतना, प्रजातान्त्रिक चेतना र मानवतावाद एवं विश्ववन्धुत्वको भावना जस्ता कुराहरू व्यक्त गर्न प्रयत्न गरिएको छ । छैटौ अध्यायमा सिद्धिचरणका काव्यमा रहेको शिल्पविधानप्रति प्रकाश पार्दै अन्त्यमा वा सातौं अध्यायमा उपसंहार र परिशिष्ट मार्फत् यस कृतिको रचना भएको छ ।

नेपाली र हिन्दी साहित्यको विविध विधामा कलम चलाई योगदान दिने उषा ठाकुरका पुस्तकाकार रुपमा रहेका समालोचना, समीक्षा भूमिका लेखन र सम्पादनका अतिरिक्त पत्र - पत्रिका तथा विभिन्न सन्दर्भमा लेख तथा रचनाहरू प्रकाशित भएको पाइन्छ । ती लेख तथा रचनाहरूलाई यसरी चर्चा गर्न सकिन्छ ।

२०५२ मा 'युग श्री' नामक पत्रिकामा प्रकाशित **देवि, माँसहचरी**, **प्राण** नामक कविता प्रकाशित भएको थियो । उक्त कवितालाई नेपाल नारी साहित्य सेवा केन्द्रद्वारा प्रकाशित गरिएको थियो । **हरेक रात्रिपछि स्वार्णिम बिहान हुन्छ** नामक कविता देश नदुखोस रचनामा प्रकाशित भएको थियो । सिद्धिचरण **एक सय एक कवि एक सय एक कविता** नामक कृतिमा उषा ठाकुरद्वारा रचित **युग उद्घोषक सिद्धिचरण** नामक कविता प्रकाशित भएको थियो । उक्त कृतिलाई देवी नेपालद्वारा सम्पादन गरिएको थियो ।

**नेपाली पर्वतीय साहित्य** : सृष्टिमाथि दृष्टिमा उषा ठाकुरद्वारा लिखित यात्रा साहित्य **चीनको विचित्र चित्रलाई नियाल्दा** नामक लेख प्रकाशित भएको थियो । जसको सम्पादन डा. खेम कोइराला वन्धुबाट भएको थियो ।

लीला लुइटेलद्वारा प्रकाशित **'विश्व नारी नेपाली समालोचना** नामक रचनाको सम्पादकीय  उषा ठाकुरद्वारा भई सम्पादकीय लेख प्रस्तुत भएको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित अनुवाद प्रधान हिन्दी नेपाली, अंग्रेजी, वार्षिकी **रुपान्तरण** (अङ्क ३, २०७२) लाई प्रधान सम्पादन गर्ने कार्य उषा ठाकुरबाट भएको छ र उक्त अङ्कमा **सार्क महिला साहित्यकार** नामक लेख प्रस्तुत भएको छ ।

रुपान्तरण (अङ्क ४, २०७३ पनि प्रकाशित अवस्थामा पुगिसकेको पाइन्छ । जसमा विश्व साहित्यको जानकारी गराउने उद्देश्य राखेर नेपाली र नेपाली साहित्यको प्रचार - प्रसारका लागि विश्वभरि अंग्रेजी भाषा र हिन्दी भाषाका माध्यमबाट रुपान्तरण मार्फत् र अनुवाद विभागको परियोजना कार्यद्वारा साहित्य र साहित्यकारहरूको १६ ग्रन्थ र २ पत्रिका मार्फत् जानकारी दिनका लागि तयारी कार्य भएको छ ।

**महिला समालोचक र नेपाली समालोचना** (२०६२, फागुन) मा उषा ठाकुरद्वारा लिखित **महाकवि देवकोटाको जीवनदर्शन** नामक रचना प्रकाशित भएको छ जसलाई सुधा त्रिपाठीद्वारा सम्पादन गरिएको  थियो ।

भानु विमर्शमा उषा ठाकुरद्वारा लिखित **तुलसीकृत रामचरितमानस र भानुभक्तीय  रामायणसँग त्यसको सम्बन्ध**  नामक रचना प्रस्तुत गरिएको छ ।

**गरिमा** असोज २०६१ मा **वर्तमान सन्दर्भ र कविताहरूको दायित्व** नामक समीक्षा लेख उषा ठाकुरबाट प्रस्तुत भएको छ ।

मदनदेव भट्टराईद्वारा प्रकाशित **समयको प्रतिविम्व कविता सँगालो**मा उषा ठाकुरबाट **कवि भट्टराई र उनको समयको प्रतिबिम्ब** नामक भूमिकालेख प्रस्तुत गरिएको छ ।

डा. गार्गी शर्माद्वारा प्रकाशित **शारदाका कवितामा विद्रोहात्मक स्वर एक दृष्टि** नामक भूमिका लेख उषा ठाकुरबाट प्रस्तुत गरिएको छ ।

लक्ष्मी अप्सरा पाण्डेद्वारा प्रकाशित **छायाँमा तिमी एक सर्वेक्षणमा एवं** नरेन्द्रराज प्रसाईद्वारा प्रकाशित **शताब्दी पुरुष सत्यमोहन जोशी** नामक रचनामा **जीवनी साहित्यको सफल दस्तावेज** शीर्षकमा भूमिका लेख उषा ठाकुरद्वारा प्रस्तुत गरिएको छ ।

**नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता**मा लिखित **गहिरो खोज र ठोस प्रमाणको ग्रन्थ** नामक जीवनी समालोचना उषा ठाकुरद्वारा रचित समालोचना लेख प्रस्तुत गरिएको छ । जुन लेख तथा रचनामा गहिरो खोज र ठोस प्रमाणहरूको दस्तावेज रहेको नरेन्द्रराज प्रसाईकृत भानुजीवनी नेपाली जीवनी लेखनको फाँटमा एउटा अत्यन्त महत्वपूर्ण उपलब्धी सिद्द भएको छ भन्दै सारांशमा भानुभक्त आचार्यको जीवनवृत्तमा उच्च बौद्धिकता, निष्पक्षता, तटस्थता, विश्वसनीयता, हार्दिक, कलात्मकता, वस्तुनिष्ठता र नवीन ढङ्गको प्रस्तुति छ भन्ने अभिव्यक्ति प्रस्तुत गरिएको छ ।

**जुही : मोदनाथ प्रश्रित विशेषाङ्क** २०६८ मा उषा ठाकुरद्वारा लिखित **महाकवि देवकोटाको वैचारिक विकास : एक अध्ययन** नामक समालोचना लेख प्रस्तुत गरिएको छ । यस रचनामा डा. मोदनाथ प्रश्रित साहित्यको सुप्रसिद्ध साहित्यकार रहेको चर्चा गर्दै महाकवि देवकोटाको वैचारिक विकासको चर्चा गर्दै **महाकवि देवकोटाको वैचारिक विकास** नामक अनुसन्धान कृति २०३२ सालमा प्रश्रितले रचना गरेको कुरा उल्लेख पाइन्छ र यो कृति नेपाली साहित्यमा स्मरणीय र उदाहरणीय रहेको कुरा चर्चा गरिएको छ ।

उषा ठाकुरद्वारा रचित **माधुरी भट्टराई र उनको 'मूक- वेदना'** नेपाल साहित्य मन्दिरबाट प्रकाशित नेपाली साहित्य वाटिका विशेषाङ्कमा प्रकाशित भएको छ ।

२०७२ साल कार्तिक २१ गते शनिवार गोरखापत्रमा प्रकाशित स्वतन्त्रताका **पुजारी महाकवि देवकोटा** नामक लेख उषा ठाकुरद्वारा रचित रचना हो जसमा देवकोटाका साहित्यिक लेखनका बारेमा चर्चा गरिएको पाइन्छ ।

युगान्तर २०६१ -२०६२ अंकमा स्रष्टा परिचय अन्तर्गत **शारदाकालीन कवयित्री गोमा : मेरो दृष्टिमा** नामक लेख उषा ठाकुरद्वारा लिखित रचना प्रकाशित भएको छ ।

भृ**कुटी' उत्तर आधुनिकता विशेषाङ्क**मा उषा ठाकुद्वारा लिखित **नेपाली कवितामा उत्तर आधुनिकतावाद : एक दृष्टि** नामक रचना प्रकाशित भएको छ ।

**गगनाञ्चल** (भारतीय साँस्कृतिक सम्बन्ध परिषद नयाँ दिल्ली बाट प्रकाशित) पत्रिकामा पनि हिन्दी र नेपाली साहित्यकारहरूको तुलनात्मक अध्ययन प्रस्तुत गरिएको छ । जस्तै : धर्मवीर, भारतीद्वारा लिखित अन्धायुग र माधव प्र.घिमिरेको कृति अश्वत्थामाका बारेमा तुलनात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

**गगनाञ्चलमा** नै प्रकाशित हिन्दी कवयित्री महादेवी वर्मा र नेपाली कवयित्री छिन्नलताका  बारेमा तुलनात्मक अध्ययन गरिएको छ ।

**गगनाञ्चलका** विभिन्न अंकमा नवभारत टाइम्स, नवनिहित, हिन्दी अनुशीलन आदि विभिन्न साहित्यिक पत्रिकामार्फत् नेपाली साहित्यकारहरू लक्ष्मी प्र. देवकोटा, सिद्धिचरण श्रेष्ठ केदारमान व्यथित छिन्नलता, आदि विभिन्न साहित्यकारहरूका वारेमा शोधपरक लेखहरू प्रस्तुत गरिएको छ । नेपाली साहित्य र साहित्यकारहरूका बारेमा प्रचार प्रसार र हिन्दीका व्यापक क्षेत्रमा नेपाली साहित्य र साहित्यकारहरूका बारेमा परिचित गराउने उद्देश्य राखेर यी रचनाहरू उषा ठाकुरद्वारा लेख्ने र प्रकाशित गर्ने कार्य भएको पाइन्छ ।

**हिमालिनी** र **साहित्यलोक** साहित्यिक पत्रिकामार्फत् नेपाली र हिन्दी साहित्यको तुलनात्मक अध्ययन प्रस्तुत गरी र अनुवाद मार्फत् नेपाली साहित्यको प्रचार - प्रसार गरेको पाइन्छ एवं साहित्य गोष्ठी आयोजना गरी हिन्दी र नेपालीका कविता तथा हिन्दी र नेपाली कथाका बारेमा कार्यपत्र प्रस्तुत गरिएको थियो । साहित्यलोक हिमालिनी, रुपान्तरणको सम्पादन कार्य साथै रचना लेखनमा उषा ठाकुरको भूमिका रहेको छ ।

**हिमालिनी** (वर्ष ३ अंक १,२) मा नेपाली र हिन्दी साहित्यिक सम्मेलन भएको थियो जसमा उषा ठाकुरको सहभागिता रही हिन्दी र नेपाली विधाका प्रख्यात (नेपाल र भारत) साहित्यकारहरूबाट  कार्यपत्र  प्रस्तुत भएको थियो ।

इलाहावादबाट प्रकाशित **हिन्दी अनुशीलन** (१९९७) अगष्ट) मा **सुमित्रानन्दनपंत र लक्ष्मी प्र. देवकोटा**को  तुलनात्मक अध्ययन भएको छ ।

**वनिता** (२०६२) मंसीर-फागुन) मा **भद्रकुमारी घले विशेषाङ्क**मा उषा ठाकुरद्वारा लिखित **युगवोधले परिपूर्ण प्रेरणादायी कविताहरू** नामक लेख प्रकाशित गरिएको छ ।

मधुपर्क (२०५४) चैतमा उषा ठाकुरद्वारा लिखित देवकोटा र पन्तका **काव्यचिन्तनमा सामीप्य** नामक लेख प्रकाशित भएको छ ।

**मधुपर्क** (२०६२, भदौ) मा ठाकुरद्वारा लिखित **युगद्रष्टा महाकवि देवकोटा** नामक लेख  प्रकाशित भएको पाइन्छ ।

मधुपर्क (२०५६ फागुन) मा प्रकाशित **कविवर व्यथितका हिन्दी - काव्य साधना** नामक लेख उषा ठाकुरद्वारा लिखित लेख हो ।

**प्रेरणाका अक्षय स्रोत युगकवि सिद्धिचरण** नामक लेख  २०५२ असार १० गते गोरखापत्रमा प्रकाशित भएको उषा ठाकुरद्वारा लिखित रचना हो ।

मदनदेव भट्टराईद्वारा लेखिएको महानाटकको बारेमा **"कायाकल्प" एक दृष्टि** नामक लेख २०५४ मा प्रकाशित भएको पाइन्छ ।

मधुपर्क (२०५५ माघ) मा **युग प्रवर्तक : कविवर सिद्धिचरण श्रेष्ठ** नामक समालोचना लेख ठाकुरद्वारा लिखित लेख हो ।

मधुपर्क (२०५७) कार्तिक) मा **महाकवि देवकोटाको जीवन दर्शन** नामक विवेचना लेख प्रकाशित छ सो लेख ९२ औं देवकोटा जयन्तीका सन्दर्भमा लेखिएको लेख हो ।

मधुपर्क (२०७१) भदौ) मा प्रकाशित लेख **बी.पी. कोइरालाको हिन्दी साहित्य साधना** वी.पी. विशेषाङ्कका रुपमा प्रकाशित भएको पाइन्छ ।

२०५१ (कार्तिक - माघ) रत्न श्री १६४ मा **साहित्य - साधनामा निष्काम काम भावले निरन्तर समर्पित रत्न श्री** नामक लेख उषा ठाकुरबाट प्रस्तुत भएको छ ।

२०५६ पौष मा **नेपाली साहित्यकी अथक साधिका - श्री गोमा** नामक लेख नारीको सम्मानित प्रतिभा प्रकाशित भएको छ ।

उन्नयन २०५८ वैशाख, जेठ, असार अङ्कमा उषा ठाकुरद्वारा लिखित **समीक्षा लेख जीवनधारा एउटा प्रेरणादायी सिर्जना** शीर्षकमा प्रकाशित भएको छ ।

श्रृंखला पूर्णाङ्क १०० कार्तिक २०७२ मा **शान्ति, स्वतन्त्रता र प्रजातन्त्रका गायक युगकवि सिद्धिचरण श्रेष्ठ** नामक लेख प्रस्तुत गरिएको छ ।

कमल दीक्षित : कालो अक्षरदेखि सग्लो अक्षरसम्म २०६० मा **ईमानको तराजु नेतिनेति** नामक लेख प्रकाशित भएको पाइन्छ ।

अन्नपूर्णपोष्ट २०७० बैशाख १२ बिहिबारे परिशिष्टाङ्कमा सङ्गीवार्ता भएको पाइन्छ र उक्त वार्तामा **सम्मानको पेसा शिक्षण** शीर्षकमा वार्ता गरिएको छ ।

महनदेव भट्टराईबाट लेखिएको **जीवन - स्मृति** महाकाव्यका बारेमा २०५१ सालमा उषा ठाकुरबाट मन्तव्य व्यक्त गरिएको छ ।

# छैटौं परिच्छेद

# उपसंहार तथा निष्कर्ष

उषा ठाकुरको जन्म सन् १९५१ ६ जुनका दिन पटनामा भएको हो । उनको अध्ययन कार्य अनौपचारिक रुपमा आफ्नी दीदीबाट शुरु भएको थियो । विद्यालयमा भर्ना भई क्रमश : अध्ययन कार्यलाई अगाडि बढाउँदै सन् १९६७ मा विहार परीक्षा वोर्ड नारायणी कन्या उच्च माध्यमिक विद्यालयबाट म्याट्रिक पास गरिन् । अध्ययन कार्यलाई अघि बढाउँदै सन् १९६८ मा प्रमाणपत्र उत्तीर्ण गरिन् । सन् १९७२ मा पटना युनिभर्सिटीबाट हिन्दी साहित्यमा एम. ए. उत्तीर्ण गरिन् र सन् १९७९ मा विद्यावारिधि उत्तीर्ण गरिन् ।

उषाको साहित्य सिर्जनाको शुरुवात सन् १९७० मा पटनाबाट प्रकाशित आर्यावर्त दैनिकमा **'नदी और नारी'** शीर्षक नामक कविता प्रकाशित भएपछि भएको थियो । त्यसपछि विभिन्न पत्र -पत्रिकामा विभिन्न लेख, रचनाहरू प्रकाशित हुँदै गए । उषाको साहित्यमा विशेष रुचिको क्षेत्र समालोचना थियो भने अन्य विधामा पनि फाटफुट कलम चलाएको पाइन्छ । नेपाली र हिन्दी साहित्यका प्रकाशित कृति हेर्दा समालोचना, समीक्षा सङ्ग्रह, कविता लेखन, कथा लेखन, संस्मरण लेखन, नियात्रा, भूमिका लेखन, सम्पादन तथा फुटकर रुपमा प्रकाशित कृत्तिहरू रहेको पाइन्छ । उनले आफ्ना समालोचना कृतिलाई निष्पक्ष तटस्थ एवं कुशल प्रयोगका साथ प्रस्तुत गरेकी छन् ।

सामाजिक क्षेत्रमा परोपकारी स्वभाव भएकी उषाले राजनीतिमा खासै चासो राखेको देखिदैन । सामाजिक सहयोगमा संस्थागत तथा निजी रुपमा सहयोग गरेको देखिन्छ । उनका व्यक्तित्वहरूलाई हेर्दा साहित्यिक तथा साहित्येत्तर व्यक्तित्व देखापर्छन् । उनले विभिन्न साहित्यिक कार्यक्रमहरूमा भाग लिने र उक्त कार्यक्रमहरूलाई व्यवस्थापन सञ्चालन गर्नमा पनि विशेष सहभागिता देखाएको पाइन्छ । देश विदेश भ्रमण गरेकी उषालाई विभिन्न समयमा विभिन्न पुरस्कार एवं विभुषणहरू प्राप्त भएका छन् । उनको साहित्यिक क्षेत्रका अतिरिक्त साहित्येत्तर क्षेत्रमा पनि संलग्नता रहेको पाइन्छ । उनको प्राध्यापक सेवा साहित्येत्तर व्यक्तित्व हो । त्रि.वि.

हिन्दी विभागमा ३५ वर्षको लामो समय प्राध्यापन सेवा गरेकी उषा हाल नेपाल प्रज्ञा प्रतिष्ठानको साहित्य अनुवाद विभागको प्रमुख  प्राज्ञको रुपमा कार्य गरिरहेकी छिन् ।

उनका पुस्तककार रुपमा रहेका ८ ओटा कृतिमध्ये ४ नेपाली र ४ हिन्दीका समालोचना, समीक्षा तथा सम्पादन पुस्तकाकार कृति रहेका छन् । **मरुभूमिको काँडा** : बिम्ब **प्रतिबिम्ब** (वि.स. : २०५९)  नामक समालोचना कृति जसलाई सम्पादन गर्ने काम गरेकी छन् । **स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि** समीक्षा स्रग्रह (२०५९) **नेपाली साहित्यको श्रीवृद्धिमा शाहवंशीय स्रष्टाहरूको योगदान** (२०५९) र **कवितामा भानु** (२०७२) नेपालीका पुस्तककार कृति हुन् भने हिन्दीका **पन्त काव्यको सामाजिक भूमिका** (सन् १९९५) शोधपरक पुस्तक, **'हिन्दी और नेपाली साहित्यको प्रतिनिधि हस्ताक्षर'** समीक्षा सङ्ग्रह (सन् १९९८), **मरुभूमिका काँटा,** कविता सङ्ग्रह हिन्दी अनुवाद (२०६०), **युगकवि सिद्धिचरण श्रेष्ठको काव्य 'साधना'**, समालोचना सङ्ग्रह        (२०६८) रहेका छन् । त्यसै गरी उषा ठाकुरले विभिन्न पत्र पत्रिकाहरूको सम्पादन एवं अनुवाद कार्यमा संलग्न रही कार्य समेत गरेको  पाइन्छ ।

नेपाल भारतका वरिष्ठ साहित्यकारहरू एवं महत्वपूर्ण साहित्यिक कृतिहरू, हिन्दी र नेपाली साहित्यका प्रमुख प्रवृत्तिहरूको बारेमा शोधपरक रचनाहरू नेपाल र भारतका प्रमुख साहित्यिक पत्रपत्रिकाहरूमा ४५० भन्दा बढी लेख रचनाहरू प्रकाशित भएका पाइन्छन् ।

## सन्दर्भ सामग्री


अन्नपूर्ण पोष्ट (२०७०) वैशाख १२ विहिबारे परिशिष्टाङ्क

उन्नयन (२०५८) वैशाख, जेठ, असार

ओझा रामनाथ र गिरी मधुसदन, (२०६४), *पाश्चात्य समालोचना सिद्धान्त र नेपाली समालोचना,* स्टुडेन्ट बुक्स पब्लिसर्स कीर्तिपुर ।

गगनाञ्चल, (सन् २००४ अक्टुवर, डिसम्बर) भारतीय सांस्कृतिक सम्बन्ध परिषद, नयाँ दिल्ली ।

गरिमा, (२०६१ असोज) समीक्षा लेख ।

गोरखापत्र, (२०७२, कार्तिक २१ शनिवार) खुला शनिवार ।

जुही, (२०६८) मोदनाथ प्रश्रित विशेषाङ्क ।

ठाकुर उषा (२०५९), *मरुभूमिको काँडा :* बिम्ब प्रतिबिम्ब समालोचना सङ्ग्रह प्रतिनिधि प्रकाशन काठमाडौं ।

ठाकुर उषा (२०५९), *स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि समालोचना सङ्ग्रह,* रामभक्त ठाकुर घट्टेकुलो, काठमाडौं ।

ठाकुर, उषा, (२०५९), नेपाली साहित्यको श्रीवृद्धिमा शाहवंशीय स्रष्टाहरूको योगदान ।

ठाकुर, उषा, (२०७२), *कवितामा भानु,* नइ प्रकाशन काठमाडौं ।

ठाकुर उषा, (२०६०), *मरुभूमिका काटाँ,* कविता सङ्ग्रह हिन्दी अनुवाद ।

ठाकुर उषा (२०६८), पन्त काव्यको सामाजिक भूमिका शीर्षक शोधपरक पुस्तक (सन् १९९५) ।

ठाकुर उषा सन् (१९९८), *हिन्दी और नेपाली साहित्यके प्रतिनिधि हस्ताक्षर,* शीर्षक पुस्तक, समीक्षा सङ्ग्रह ।

पौडेल वाजुराम, (२०७२), *स्रष्टा परिचय,* सुलेख साहित्यिक मासिक, वर्ष ४, अङ्क ८, पूर्णाङ्क ३९, ।

प्रसाई, नरेन्द्रराज (२०६३), *नारीचुली,* २०१७ सालसम्म जन्मेका नारी स्रष्टाको जीवनी, नइ प्रकाशन काठमाडौं ।

मधुपर्क (२०४५)  मंसीर

मधुपर्क (२०५५)

मधुपर्क (२०५६) फागुन

मधुपर्क (२०५७) कार्तिक

मधुपर्क, (२०६२ भदौं) समालोचना ।

मधुपर्क (२०७१) भदौ

युग श्री, (२०५२) नेपाल नारी साहित्य सेवा केन्द्र ।

रत्न श्री (२०५१) कार्तिक-माघ

रुपान्तरण, (२०७२ अङ्क ३) अनुवाद प्रधान हिन्दी, नेपाली, अंग्रेजी वार्षिकी ।

शर्मा, मोहनराज र लुइटेल प्रसाद खगेन्द्र (२०५५), *शोधविधि,* साझा प्रकाशन, काठमाडौं ।

श्रेष्ठ, सिद्धिचरण, (२०७०) एक सय एक कवि एक सय एक कविता ।

हिमालिनी, (१९९९) डिसम्बर १८, १९ वर्ष ३ अंक १,२ ।